का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ कात्तिक २०८१,
बुधबार
6 November, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २५७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कीर्तिपुरमा प्रतिष्ठाको लडाइँ

आवधिक चुनाव भएको करिब आधा समय भएको बेला हुन लागेको स्थानीय तहको उपनिर्वाचनलाई राजनीतिक दलहरुको जनमत परीक्षणको रुपमा हेरिएको छ । दलहरुले भने काठमाडौंस्थित कीर्तिपुर नगरप्रमुखको पदको चुनावलाई प्रतिष्ठाकै रुपमा लिएको देखिन्छ ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २० कात्तिक ।

राजनीतिक दलहरू स्थानीय तहको उपनिर्वाचन केन्द्रित भएका छन् । आगामी मंसिर १६ गते स्थानीय तहका ४४ पदमा उपनिर्वाचन हुँदैछ । निर्वाचन आयोगले उपनिर्वाचनका लागि आवश्यक तयारी तीव्र पार्दै लगेको छ । कुनै राजनीतिक दल उम्मेदवार छनोटमा व्यस्त छ भने कुनैले उम्मेदवार तय गरिसके ।

आयोगका अनुसार कोशी प्रदेशमा ९, मधेस प्रदेशमा ७ पद, बागमती प्रदेशमा ७ पद, गण्डकी प्रदेशमा १ पद, लुम्बिनी प्रदेशमा ६ पद, कर्णाली प्रदेशमा ८ पद र सुदूरपश्चिममा ६ पदमा निर्वाचन हुन लागेको हो ।

र्निाचन आयोगका अनुसार काठमाडौंको कीर्तिपुर नगरपालिकामा प्रमुख, मोरङको रामग्राम नगरपालिकामा अध्यक्ष, दोलखाको गौरीशंकर गाउँपालिकामा उपाध्यक्ष, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा उपाध्यक्षमा उपनिर्वाचन हुँदैछ । दैलेखको महाबु गाउँपालिकामा अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिकामा उपप्रमुख, हुम्लाको सर्केगाड गाउँपालिकामा उपाध्यक्ष, बाजुराको स्वामीकार्तिक खापर

पृष्ठ २ मा



# संसारकै ध्यान अमेरिकामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० कात्तिक ।

अमेरिकी राष्ट्रपतिका लागि पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प उपराष्ट्रपति कमला ह्यारिस मुख्य प्रतिस्पर्धामा छन्। संसारकै शक्तिशाली देश अमेरिकाको नेतृत्वका लागि भएको चुनावले संसारकै ध्यान तानेको छ ।

मंगलबार आठ राज्यमा एकैसाथ मतदान शुरु भएको थियो। सिएनएनका अनुसार कनेक्टिकट, न्युजर्सी, न्युयोर्क, न्युह्याम्पशायर र भर्जिनियासहित आठ राज्यमा मतदान केन्द्रहरू खुला गरिएका थिए ।

न्युह्याम्पशायर राज्यको डिक्सभिल नच टाउनशिपले दशकौं लामो परम्परा अनुरूप मध्यरातमा (स्थानीय समय) मतदान गरेको छ ।

यो चुनावले केवल अमेरिकाको मात्र नभई अबको चार वर्षसम्म विश्व भू-राजनीतिमा समेत प्रभाव पार्ने दिशा तय गर्नेछ ।

धेरै अन्य पार्टीको उपस्थिति भए पनि अमेरिकी दौड डेमोक्रेटिक र रिपब्लिकन पार्टीबीच छ। उपराष्ट्रपति कमला ह्यारिस पदासीन डेमोक्रेटकी उम्मेदवार हुन् र उनी अमेरिकाको पहिलो महिला राष्ट्रपति बनेर इतिहास रच्ने लक्ष्यमा छिन् । निर्वाचित भएमा उनी संयुक्त राज्य अमेरिकाको पहिलो भारतीय मूलको राष्ट्रपति पनि हुनेछिन्।



> अमेरिकी राष्ट्रपतिको चुनावले केबल अमेरिकाको मात्र नभइ अबको चार वर्षसम्म विश्व भू-राजनीतिमा समेत प्रभाव पार्ने दिशा तय गर्नेछ ।

अर्कोतर्फ रिपब्लिकन उम्मेदवार पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प छन् । उनी सन् २०२० मा कटु बहिर्गमनपछि ह्वाइट हाउसमा ऐतिहासिक कमब्याक गर्ने लक्ष्यमा छन् । विशेषगरी यदि ट्रम्पले जिते भने यो एक सय वर्षभन्दा बढी समयमा ह्वाइट हाउसमा कुनै राष्ट्रपतिले दुई गैर-लगातार कार्यकाल सेवा गरेको पहिलो उदाहरण हुनेछ ।

धेरैजसो सर्वेक्षणले ट्रम्प र ह्यारिसबीच धेरै

पृष्ठ २ मा

# मनाङेको सांसद पद खाली

सर्वोच्च अदालतबाट ज्यान मार्ने उद्योगमा दोषी ठहर भएसँगै गण्डकी प्रदेशका सांसद दीपक मनाङे पदमुक्त हुने भएका हुन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २० कात्तिक ।

गण्डकी प्रदेश सभा सदस्य राजिब गुरूङ अर्थात दीपक मनाङे ज्यान मार्ने उद्योगमा सर्वोच्च अदालतबाट दोषी ठहर भएका छन्। यो सँगै मनाङे पदमुक्त हुने भएका छन् । प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ तथा निर्वाचन आयोग ऐन २०७३ अनुसार मनाङेले सांसद पद गुमाउने भएका हुन् ।

कर्तव्य ज्यानसम्बन्धी कसुरमा २० वर्षभन्दा कम सजाय पाएको व्यक्ति सजाय भुक्तान गरेको मितिले ६ वर्षसम्म उम्मेदवार बन्न अयोग्य हुने कानूनी व्यवस्था छ ।

सांसदमा निर्वाचित कुनै व्यक्ति कानूनअनुसार अयोग्य ठहर भएको खण्डमा सांसदबाट पदमुक्त हुने व्यवस्था प्रदेशसभा ऐनको दफा १६ मा गरिएको छ । जसको उपदफा दुई अनुसार पदमुक्त भएको जानकारी आयोगले सम्बन्धित व्यक्तिलाई दिनुपर्छ । साथै पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशत गरिनेछ । तर,



मनाङेले २०८४ को चुनाव लड्न पाउने कि नपाउने अनिश्चित छ । ऐनको दफा १३ (ङ) अनुसार मनाङेले जेल सजाय भुक्तानी गरेको ६ वर्षसम्म निर्वाचन लड्न नपाउने कानूनी व्यवस्था छ। तर यो व्यवस्थाले कर्तव्य ज्यानलाई मात्र सम्बोधन गरेकाले ज्यान मार्ने उद्योगमा यो प्रावधान आकर्षित नहुने कतिपयको तर्क छ ।

तत्ललाई भने मनाङेको सांसद पद अब खाली हुनेछ। यसअघि उच्च अदालत पाटनले गरेको फैसलालाई मंगलबार सर्वोच्चका न्यायाधीशहरू नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले सदर गरेसँगै उनको सांसद पद खाली हुने भएको हो ।

२०६१ सालमा चक्रे मिलनमाथि तरबार प्रहार भएको थियो। त्यसबेला चक्रेको हात काटिएको थियो । उक्त घटनालाई लिएर चक्रेकी श्रीमती इन्दिरा गुरुङले प्रहरीमा मनाङेविरुद्ध ज्यान मार्ने कसुरमा जाहेरी दिएकी थिइन् ।

उक्त, उजुरीमा जिल्ला अदालत काठमाडौंले घटनालाई कुटपिट भएको ठहर गरेको थियो भने केहीलाई दुई वर्ष जेल सजाय सुनाएको थियो। जिल्ला अदालतको फैसला चित्त नबुझेपछि सरकारी वकिलको कार्यालयले मुद्दामा पुनरावेदन गरेको थियो।

पाटन पुनरावेदन अदालतले २०६९ सालमा मनाङेलाई दोषी ठहर गर्दै पाँच वर्ष जेल सजायको फैसला गरेको थियो । उक्त फैसलालाई मंगलबार सर्वोच्च अदालतले सदर गरेको हो ।

**वैदेशिक रोजगार विशेष**

# चर्को हवाई भाडाले वैदेशिक रोजगार क्षेत्र अस्तव्यस्त

## भाडा घटाउन पहल नगरेको भन्दै संघ नेतृत्वको राजीनामा माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० कात्तिक

वैदेशिक रोजगारीका लागि जाने कामदारको हवाई टिकटको मूल्य एक लाख रुपैयाँको हाराहारीमा पुग्न थालेको छ । आगामी शुक्रबारदेखि करिब ५ महिनासम्म त्रिभुवन विमानस्थलको स्तरोन्नतिका कारण 'उडान समय' छोट्याइएपछि एयरलाइन्सहरुले त्यसैलाई बहाना बनाएर अन्तर्राष्ट्रिय उडानको हवाई टिकट सामान्य अवस्थाको तुलनामा तेब्बर हाराहारीमा वृद्धि गरेका हुन् । विमानस्थलको स्तरोन्नतिका नाममा हवाई भाडामा वृद्धि गरिनु ट्राभल्स र एयरलाइन्सको कुतर्क मात्रै भएको र लूटको हद भएको व्यवसायीहरुको भनाइ छ ।

महँगी, कालोबजारी र कुशासनको अन्त्य गर्न भन्दै प्रमुख राजनीतिक दलहरुको बलियो सरकार बनाएको अवस्थामा वैदेशिक रोजगारमा जाने गरिब तथा विपन्न कामदार भने अत्यधिक महँगो हवाई भाडा तिरेर जान बाध्य भएका छन् । करिब साढे ४ घण्टा दुरीको काठमाडौं-दुबई उडानको सामान्य अवस्थामा हवाई भाडा ३० देखि ३५ हजार भएपनि मंगलबार टिकटका लागि ८० हजार बढी तिर्नुपरेको एक व्यवसायीले मध्यान्हलाई बताए । उनका अनुसार नेपालबाट सबै वैदेशिक रोजगार गन्तव्यमा जाने कामदारको हवाई भाडा केही हप्तायता दैनिकरुपमा बेलगामरुपमा बढिरहेको छ ।

सरकारले प्रभावकारी हस्तक्षेप नगरे नेपालबाट कामदार पठाउनै नसकिने अवस्था आउने व्यवसायीहरुको भनाइ छ। यूएईबाट नेपाल आउने सोही दुरीको हवाई भाडा भने हाल ९ सय दिराम करिब ३३ हजार रुपैयाँमात्रै रहेको छ । नेपालबाट जाने भने

पृष्ठ २ मा

# नयाँदिल्ली विकल्प

**काठमाडौं/मस-** वैदेशिक रोजगारमा जाने गरिब तथा विपन्न कामदार अत्यधिक महँगो हवाई भाडा तिरेर जान बाध्य भएको अवस्थाको अन्त्य गर्न भारतको नयाँदिल्लीबाट उडान अनुमति दिइनुपर्ने कतिपय वैदेशिक रोजगार व्यवसायीको माग छ ।

वैदेशिक रोजगार ऐनको दफा २२ मा सकेसम्म स्वदेशी विमानस्थल प्रयोग गर्नुपर्ने, तर स्वदेशी विमानस्थलबाट कामदार पठाउन हवाई जहाजको टिकट उपलब्ध नभएको जस्ता अवस्था उत्पन्न भएमा कारण देखाइ वैदेशिक रोजगार विभागको स्वीकृति लिइ विदेशी विमानस्थल प्रयोग गरी कामदार पठाउन सकिने व्यवस्था छ ।

हाल ट्राभल्स र एयरलाइन्सको एकाधिकार तोड्न अपेक्षित सस्तो टिकटमा कामदार पठाउन पाउने भारतका विमानस्थलबाट उडाउन अनुमति दिनु उपयुक्त हुने भन्दै व्यवसायीहरुले उक्त माग गरेका हुन्। नेपाल सरकारले घरेलु कामदारका

पृष्ठ २ मा

यूएईको प्रतिष्ठित कम्पनीमा VALED PARKING & ROOM ATTENDANTS को लागि खाने, बस्ने सुविधासहित वैदेशिक रोजगारको अवसर

कम्पनी: SPARK INTEGRATED SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२० चलानी नं.: ६०२२७५०३ L.T. No.: 313190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Drivers | 88 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Porter/ Helper | 8 | 0 | | 800 | २९,२४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २८ गते (13 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL RECRUITMENT SERVICE PVT. LTD.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

VACANCY Announcement
A leading foreign recruitment agency is seeking the following position urgently. SALARY - No Bar for Deserving candidates
MANAGER - 2 Male/ Female
Qualification: - More than 5 years of Experience in Manpower Field
PRO - 6 Male/ Female
DOCUMENTATION - 5 Male/ Female
Qualification: - More than 2 years of Experience in Manpower Field
01-4016667 | 980-2840905
info@bhrsolution@gmail.com
Bishojyoti Hr Solution Pvt. Ltd.
Chakrapath -3, Kathmandu Nepal.

VACANCY ANNOUNCEMENT
A reputed manpower company invites application from those individuals who are highly motivated and qualified for the following positions:
1 Manager (Male - 1 / Female - 1)
The candidate should have a Master Degree in Management with 3 years experience in the related field with sound computer knowledge and good command in English.
Age - Above 35 years.
2 Processing Officer (Male - 1 / Female - 1)
The Candidate should have knowledge of DOFE system, education should be Bachelor complete, having good command in Spoken & Written English with IT/Computer knowledge.
Age - Above 28 years.
3 Public Relation Officer (Male - 1 / Female - 1)
The Candidate should have a pleasant personality, education should be Bachelor level, able to speak and write in English with sound computer knowledge.
Age - Above 28 years.
4 Receptionist (Female - 1)
The Candidate should have a pleasant personality, education should be Plus 2 Pass, able to speak and write in English with sound computer knowledge.
Age - Above 20 years.
Salary will be offered according to knowledge and experience.
Need Employment Services (P.) Ltd.
Ultimate Solution
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Lic No.: 284/058/59
Tel.: 4984248, 4984251, Email: needemploymentservices@gmail.com
Only short listed candidates will be called for interview

# ‘स्वास्थ्य बीमा सेवा प्रदायक संस्थाहरूको नियमित अनुगमन गरिरहेका छौं’

**काठमाडौं/मस-** स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलाले स्वास्थ्य बीमा सेवा प्रदायक संस्थाहरूको नियमित अनुगमन गरिएको बताएका छन् ।

आगामी मंसिर २५ गते आफ्नो चार वर्षे कार्यकाल पूरा हुनलागेको सन्दर्भमा आयोजित प्रगति विवरण सार्वजनिकीकरण तथा अन्तरक्रिया कार्यक्रममा उनले आफ्नो कार्यकालमा स्वास्थ्य बीमा राष्ट्रिय परिचयपत्रमार्फत अनलाइन बीमा दर्ता तथा नवीकरण गर्नसक्ने व्यवस्था लागू गर्न सम्झौता गरिएको बताए ।

कार्यकारी निर्देशक डा.बसौलाले स्वास्थ्य बीमा कार्यक्रमलाई सफल बनाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए । उनले बीमा दाबी भुक्तानीमा समस्या भए पनि ऐन तथा कार्यविधिमै रहेर भुक्तानी गरिने



बताउँदै हालको तीन महिनाको अन्तरमा भुक्तानी भइरहेको जानकारी दिए ।

स्वास्थ्य बीमालाई दिगो बनाउन गरिब तथा विपन्न परिवारको योगदान रकम सरकारले बेहोरीदिने प्रयोजनका लागि गरिब परिवार परिचयपत्र यथाशीघ्र वितरण गर्ने, सूचना प्रविधिलाई स्तरोन्नति गरी ‘आर्टिफिसियल इन्टेलिजेन्स’ (एआइ) का माध्यमबाट सञ्चालन गर्नुपर्ने, स्वास्थ्य बीमाको दायरालाई फराकिलो बनाउनुपर्ने, बीमामा आबद्ध नभइ सरकारबाट उपलब्ध गराइने कुनै पनि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध नगराउने गरी निःशुल्क स्वास्थ्य सेवालाई बीमासँग आबद्ध गर्ने सुझाव दिए ।

‘यो कार्यक्रम गरिब तथा विपन्न नागरिकको उपचार गर्ने निकै सहयोगी बनेको छ। हामी अहिले बिमा कार्यक्रमको सुरुआती चरणमा छौँ । विकसित देशहरूमा स्मार्ट कार्डबाट सेवा लिन पाइन्छ, हाम्रोमा पनि भविष्यमा त्यो लागू हुन्छ होला’, कार्यकारी निर्देशक डा.बसौलाले भने ।

वि.सं २०७२ मा सामाजिक स्वास्थ्य सुरक्षाका रूपमा सुरुवात भएको यो कार्यक्रममा जनसंख्याअनुसार ३० प्रतिशत आबद्ध भएका छन्भने नवीकरण दर ७९ प्रतिशत रहेको छ ।

# सभापति लामिछानेलाई थप १० दिन हिरासतमा राख्न अदालतको अनुमति



**कास्की/मस-**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले अनुमति दिएको छ ।

सहकारी ठगी अभियोगमा यही कात्तिक २ गते पक्राउ परेका लामिछानेलाई कात्तिक १५ गतेदेखि लागू हुनेगरी तेस्रो पटक १० दिनको म्याद थप गरिएको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।

यसअघि गत कात्तिक १४ गतेसम्मको म्याद रहेकामा तिहार बिदाका कारण अदालत बन्द भएकाले तिहारको बिदापछि लामिछानेलाई आज अदालतमा पेश गरिएको थियो । जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको सूचना अधिकारी अधिकारीले बताए । सभापति लामिछानेलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएको थियो ।

# सरकारको असंवैधानिक काममा साथ दिँदै सभामुख : प्रभु साह

**काठमाडौं/मस-**आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहाले राष्ट्रिय सूचना आयोगको पदाधिकारी सिफारिस गर्दा भएको दलगत भागबण्डाको विरोध गरेका छन् ।

सभामुख देवराज घिमिरे नेतृत्वको सिफारिस समितिले सोमबार आयोगको प्रमुख आयुक्त र आयुक्तहरुमा नाम सिफारिस गरेको छ । आयोगको प्रमुख आयुक्तमा सुरेश आचार्य सिफारिस भएका छन् । आयुक्तहरूमा गगन विष्ट र दुर्गा भण्डारीको नाम सिफारिस भएको छ ।

यी नामहरू दलगत आधारमा सिफारिसमा परेको भन्दै अध्यक्ष साहले विरोध गरेका हुन् । ‘राष्ट्रिय सूचना आयोगको पदाधिकारीमा दलगत भागवण्डा कानुनी शासनको उपहास हो’ अध्यक्ष साहले सामाजिक सञ्जालमा लेखेका छन्, ‘दल त्याग गरेका सभामुखको नेतृत्वमा दलगत भागवण्डा कसरी भयो ?’

सभामुखमा निर्वाचित भएपछि दलगत आवद्धता त्याग्ने अभ्यास छ। यसअन्तर्गत सभामुख घिमिरेले पनि एमालेसँगको आबद्धता त्याग गरेका छन् । तर उनै घिमिरे नेतृत्वको सिफारिस समितिले कांग्रेस र एमालेको मागवण्डा अनुसार आयोगका पदाधिकारी सिफारिस गर्ने निर्णय



लिएका हुन् ।

प्रमुख आयुक्तमा सिफारिस भएका आचार्य नेपाली कांग्रेसको प्रचार प्रसार विभाग तथा नीति प्रतिष्ठानको सदस्य सचिव भइसकेका व्यक्ति हुन् । आयुक्तमा सिफारिस भएका गगन विष्ट नेकपा एमाले प्रचार विभाग सचिव हुन् । दुर्गा भण्डारी पत्रकार महासंघ पूर्वकेन्द्रीय सदस्य तथा प्रेस काउन्सिलको अध्यक्ष नियुक्त भएर अदालतको आदेशबाट पदबहाल हुन पाएकी थिइनन् । भण्डारी पनि एमाले निकट हुन् ।

यहीँनेर अध्यक्ष साहले प्रश्न गरेका हुन् । ‘राष्ट्रिय सूचना आयोग जस्तो तटस्थ संस्थामा सतापक्षका प्रमुख पार्टीहरुले मात्र भागवण्डा पाऊनु संवैधानिक मान्यता विपरीत हो’ उनले लेखेका छन्, ‘हाल सिफारिस भएका पदाधिकारीमा कांग्रेस र एमाले पार्टीको जिम्मेवारीमा रहेका छन् । उनीहरुबाट कसरी निश्पक्ष काम हुन्छ ?’

राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्त र आयुक्तको सिफारिस गर्न सभामुखको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधिमन्त्री र नेपाल पत्रकार महासंघको अध्यक्ष सदस्य रहने कानूनी व्यवस्था छ ।

यही व्यवस्था अनुसार सिफारिस समितिले उनीहरुको नाम प्रस्ताव गरेको हो। जसलाई मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने हुन्छ । मन्त्रिपरिषद्ले निर्णय गरेपछि प्रधानमन्त्रीले पद तथा गोपनीयताको सपथ खुवाउने कानुनी व्यवस्था छ ।

सभामुखको नेतृत्वमा सिफारिस समिति रहँदा कार्यपालिकाको प्रभाव नरहने कानुनी व्यवस्थाको मर्म हो । तर, यो मर्मलाई सरकारले मिच्न खोजिरहेको र त्यसमा सभामुखले साथ दिएको साहको आरोप छ । कांग्रेस र एमाले नेतृत्वको सरकार दुइतिहाइ बहुमतमा छ । यो बहुमतको दुरुपयोग भइरहेको साहको निष्कर्ष छ ।

‘दुई तिहाईको सरकारले संवैधानिक व्यवस्थाको रक्षा गर्ने हो की विध्वंस गर्ने हो ? यो गम्भीर प्रश्न आज खडा भएको छ’ साह अगाडि भन्छन्, ‘अन्य निकायमा पनि यस्तै भागवण्डा गरी सिंगै राज्यलाई दलको पकडमा राख्ने गलत प्रवृतिले देश बर्बाद भएको छ । यसकारण खबरदारी गरौ र दलतन्त्रको विकल्प खोजौं ।’

## कीर्तिपुरमा...

गाउँपालिकामा उपाध्यक्ष, कैलालीमा जिल्ला समन्वय समिति प्रमुख पदमा उपनिर्वाचन हुँदैछ। यसबाहेक अन्य स्थानमा वडाध्यक्ष र सदस्य पदमा उपनिर्वाचन हुँदैछ ।

४४ पदका लागि निर्वाचन हुन लागेको भएता पनि काठमाडौंको कीर्तिपुर नगरपालिकामा प्रमुखको उपनिर्वाचनको चर्चा दलहरूका बीचमा ज्यादा छ। संघीय सरकारको नेतृत्वकर्ता दल एमालेले डा. सुरेन्द्र मानन्धरलाई अघि सारिसकेको छ। एमालेको कीर्तिपुर नगर कमिटीले सर्वसम्मत रूपमा उनलाई उम्मेदवार बनाउने निर्णय गरेसँगै चुनावी अभियान पनि सुरू गरिसकेको छ।

माओवादी केन्द्रले कीर्तिपुर नगरपालिकाको मेयर पदमा प्राध्यापक डाक्टर शिवशरण महर्जनलाई उमेदवार बनाउने निर्णय गरेको छ। कांग्रेसले भने उम्मेदवार तय गरिसकेको छैन । कांग्रेसको कीर्तिपुर नगर समितिले ११ जना आकांक्षीको नाम क्षेत्रीय समितिमा सिफारिस गरेको छ।

नगर समिति सभापति कृष्णमान डंगोललाई पहिलो नम्बरमा राखेर नाम पठाइएको छ। त्यसपछि क्रमशः बद्रीलाल महर्जन, हिमाल कार्की, जमुना नकर्मी, संगीत बोगटी, सशीर महर्जन, राममान सिंह, जनकलाल महर्जन, मीनप्रकाश महर्जन, किरण केसी र सचिन्द्र महर्जनको नाम सिफारिस भएको छ।

पहिलो नम्बरमा नाम सिफारिस भएका कृष्णमान वर्तमान नगर सभापति हुन् । तेस्रो कार्यकालका लागि नगर समिति सभापति रहेका उनी ललितकला क्याम्पसका पूर्वस्ववियू अध्यक्ष हुन् ।प्रमुख तीन दलले स्थानीय रुपमा पकड जमाएका र विश्वास गर्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाएर चुनाव जित्ने नीति अवलम्बन गरेको देखिन्छ ।

आवधिक चुनाव भएको करिब आधा समय भएको बेला स्थानीय तहको उपनिर्वाचन हुन लागेकोले यसलाई राजनीतिक दलहरूको जनमत परीक्षणको रुपमा हेरिएको छ। यसमा पनि दलहरूले काठमाडौंको कीर्तिपुर नगरप्रमुखको पदको चुनावलाई प्रतिष्ठाकै रुपमा लिएको देखिन्छ ।

## संसारकै...

नजिकको दौड भविष्यवाणी गरेका छन्। सबै अग्रता त्रुटिको मार्जिनभित्र प्रक्षेपित छन् । एबिसी न्युजको ‘फाइभ थर्टी एट’ प्लेटफर्मले प्रदान गरेको राष्ट्रिय सर्वेक्षणअनुसार ह्यारिस (४८) ले डोनाल्ड ट्रम्प (४६.९) विरुद्ध १ प्रतिशत विन्दुको सामान्य अग्रता लिएकी छन् ।

एनबिसी न्युज र एमर्सन कलेजले दुई उम्मेदवारबीच राष्ट्रियस्तरमा ४९%-४९% को टाई प्रक्षेपण गरेका छन्। इप्सोसले ह्यारिसलाई तीन अंकको अग्रता (४९%-४६%) प्रक्षेपण गरेको छ भने एटलसइन्टेलले ट्रम्पलाई दुई अंकको अग्रता (५०%-४८%) प्रक्षेपण गरेको छ ।

ह्यारिसले गर्भपतनको अधिकारसँगै कामकाजी परिवारका लागि खाना तथा आवासको खर्च कम गर्ने पैरवी गरिरहेकी छन् । ट्रम्पले आप्रवासीहरूको गैरकानुनी अमेरिका प्रवेश रोक्न सीमा बन्द गर्ने र खर्बौंसम्म कर कटौती गर्ने वाचा गरेका छन् ।

## चर्को...

त्यसको तीन दोब्बर गराउनु चलखेल बाहेक केही नभएको व्यवसायीहरुको दाबी छ ।

नेपाल सरकारले इम्प्लोइमेन्ट पे मोडलमा कामदार पठाउने नीति लिएपनि सबै कामदार रोजगारदाता कम्पनीले दिने टिकटमा उड्न पाएका छैनन् । म्यानपावर कम्पनीहरुले रोजगारदाता कम्पनीलाई ३० देखि ३५ हजार रुपैयाँ हाराहारीमा टिकटको कोटेशन पठाउने गरेका छन्। टिकट पठाउने रोजगारदाताहरु पनि सम्झौताभन्दा बढीको टिकटको भुक्तानी पठाउन नसकिने भन्दै कामदार पठाउने नेपाली म्यानपावर कम्पनीसँग महँगोमा पार्न खोजेको भनेर असन्तुष्टि जनाउने गरेका छन् । हवाई टिकटकै कारण म्यानपावर कम्पनीले समयमा कामदार पठाउन सकेका छैनन्। त्यसले नेपाल आउने मागपत्र अन्य मुलुकमा डाइभर्ट हुने खतरा बढेको व्यवसायीहरुको भनाइ छ ।

विगतका वर्षहरुमा जस्तै नेपालीका महत्वपूर्ण चाडपर्व दशैं, तिहार र छठ पर्वपछि ठूलो संख्यामा नेपाली कामदार वैदेशिक रोजगारीमा जाने गरेका छन्। यस्तो समयमा हवाई टिकटको मूल्य बढ्दा व्यवसायी र कामदारमाथि थेग्नै नसक्ने दबाब बढेको छ।

सरकारले ट्राभल्स ऐजेन्सीहरुको अनुगमन नगर्दा टिकटमा कालोबजारी हाबी देखिएको व्यवसायीहरुको टिप्पणी छ। सरकारले भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट कामदार उडाए विभिन्न छुट दिने बताए पनि भैरहवाबाट उडान हुने जहाजको टिकटको मूल्य पनि उत्तिकै महँगो बनाइएको व्यवसायीहरु बताउँछन्।

व्यवसायीहरुले कामदार र व्यवसायीको क्षमताले नभ्याउने गरी टिकटको मूल्य अस्वभाविकरुपमा बढाउँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मौन रहेको र व्यवसायीको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ विरोध र प्रतिरोधमा नउत्रिएको भन्दै आलोचना गरेका छन् । वैदेशिक रोजगारीमा जाने कामदार कोरोनाकालको जस्तै चार्टर्ड उडान सरहको महँगो भाडा तिर्न बाध्य भएको भन्दै कतिपय व्यवसायीहरुले आक्रोश पोखेका छन् ।

राई वैदेशिक रोजगार व्यवसायी समाजका कार्यवाहक अध्यक्ष चन्द्रप्रसाद राईले वैदेशिक रोजगार क्षेत्र नै तहशनहश हुने गरी बढाइएको हवाई भाडा घटाउने सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीहरु प्रभावकारीरुपमा नबोलेको र भाडा घटाउन पनि कुनै पहल नगरेको भन्दै उनीहरुले नैतिकताको आधारमा राजीनामा गर्नुपर्ने अवस्था आएको बताए । उनले भने, ‘कामदार र व्यवसायीको ढाड सेकिँदा पनि समस्या समाधानका लागि पहलकदमी लिन नसक्ने नेतृत्व पदमा रहनुको अर्थ छैन ।’

उता संघका महासचिव मेघनाथ भुर्तेलले भने गत भदौ १५ गते नै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई भेटेर यस विषयमा गम्भीररुपमा ध्यानाकर्षण गराएको बताउँदै त्रिभुवन विमानस्थलको स्तरोन्नतिका नाममा ‘उडान समय’ छोट्याइएपछि एयरलाइन्सहरुले त्यसैलाई बहाना बनाएर भाडा बढाउने चलखेल नरोके वैदेशिक रोजगार व्यवसायीलाई कामदार पठाउन रोक्न आह्वान गर्ने बाध्यात्मक अवस्था उत्पन्न भएको बताए । उनले यसमा तत्कालै श्रम मन्त्रालयले चासो देखाउनुपर्नेसमेत माग गरे ।

## नयाँदिल्ली...

लागि नेपाली महिलाको खाडी मुलुकमा तस्करी भएको भन्दै भारतीय विमानस्थलबाट खाडीका मुलुकमा नेपालीले उडान भर्दा नेपाली दूतावासको नो अब्जेक्सन लेटर अनिवार्य गरेको छ। नेपालबाट यूएईका लागि ८० हजार बढी भाडा लागेको अहिलेको अवस्थामा नयाँदिल्लीबाट उडाउँदा भारु २५ हजार हाराहारीमा टिकट पाइने गरेको छ ।

# तराईमा छठको रौनक



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० कात्तिक

तराईमा छठ पर्वको रौनक छाएको छ । कडा धार्मिक नियम, आस्था र विश्वासका साथ मनाइने चार दिवसीय यो पर्व मंगलबार शुरु भएको हो । हिन्दू धार्मिक मान्यताको आधारमा यो पर्व वर्षमा दुई पटक कात्तिक र चैतमा निष्ठापूर्वक मनाइन्छ । कार्तिक शुक्ल चतुर्दशीका दिन शुरु हुने सूर्य उपासनाको यस चाडलाई तराई तथा मिथिलाञ्चल क्षेत्रमा महापर्व पनि भनिन्छ ।

छठको पहिलो दिनलाई स्थानीय भाषामा नहाय खाय (नुहाएर चोखो खाने) भन्ने भनिन्छ। छठ व्रत बस्ने महिलाहरुले चोखो अरवा चामलको भात, चनाको दाल, फर्सी, लौकाको तरकारी खाने गर्छन् । दोस्रो दिन आज व्रतालुहरुले खरना मनाउने भएका छन्। जसमा व्रतालुहरु निर्जल रही बेलुका माटोको चुलोमा खीर र रोटी पकाई भगवानलाई चढाएर त्यही प्रसाद खाने गर्छन्। त्यसपछि ३६ घण्टा लामो निर्जल र निराहार व्रत शुरु हुनेछ । यस अवधिमा व्रतालुहरु पानी समेत नखाई सूर्य भक्तिमा लाग्छन् ।

महापर्व छठ अन्तर्गत बिहीबार बेलुका अस्ताउँदै गरेको सूर्यलाई अर्घ दिइनेछ भने शुक्रबार बिहान उदाउँदो सूर्यलाई विधिपूर्वक अर्घ्य दिएपछि चार दिनको यो लोकआस्थाको पर्व विधिवत रुपमा सकिनेछ ।छठका कारण रौतहटका प्रमुख तथा ग्रामीण बजारहरुमा समेत चहलपहल बढेको देखिन्छ। चन्द्रनिगाहापुर, गरुडा, कटहरिया, शिवनगर तथा सदरमुकाम गौरका कपडा, खाद्यान्न तथा फलफूलका पसलहरुमा ग्राहकको भीड देखिन्छ ।यसैगरी परिवारजनका सदस्यहरु पनि घर फर्किने क्रम शुरु भएको छ ।

ट्रेड टावर लिमिटेडको
पन्ध्रौ वार्षिक साधारण सभा सम्बन्धी सुचना
फोन नं.: ०१-५१११०००, ईमेल: info@tradetower.com.np
वेबसाईट : www.tradetower.com.np

यस कम्पनीको मितिः २०८१ साल कार्तिक ७ गते बुधबार बसेको संचालक समितिको १८२औ बैठकको निर्णय अनुसार कम्पनीको १५ औं वार्षिक साधारण सभामा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि मितिः २०८१/०८/१२ गते बुधबार बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति र स्थान :**
मिति : २०८१ साल मंसिर महिना १२ गते, वुधबार (तदनुसार २७ नेभेम्बरी, २०२४)
स्थान : होटेल क्रिष्टल पशुपती, ट्रेड टावर, गौशाला
समय : बिहाना १०:३० बजे देखि ।

**(क) सामान्य प्रस्ताव:**
१. आर्थिक बर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत,छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लेखापरिक्षण कार्यको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**विशेष प्रस्ताव :**
१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनहरु गर्ने बारे ।
२. सर्वसाधारणका लागि साधारण शेयर (आई.पि.ओ.)निष्काशन सम्बन्धमा ।
३. कम्पनीले संचालन तथा विकास गरिरहेको परियोजनाहरुको लागि बंकै तथा अन्य वित्तिय संस्थाहरुबाट लिने आवश्यक कर्जा कम्पनी ऐन, २०६३ को दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी भएमा त्यस्तो कर्जा सापटी लिने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।
४. कम्पनीले संचालन तथा विकास गरिरहेको परियोजनाहरुको लागि आवश्यक छोटो अवधीको कर्जा सम्बन्धमा ।
५. अन्य कम्पनीसंग मर्जर गर्ने, DDA गर्ने, मर्जरको सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
६. कम्पनीको नियमन निकायहरु, नेपाल धितोपत्र बोर्ड,नेपाल स्टक एक्सचेन्ज लिमिटेड,कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी अद्यावधिक गर्दा तथा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन आवश्यक भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
७. विविध ।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरू**
पन्ध्रौ साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय,आठौ तल्ला,टे।ड टावर नेपाल,थापाथली,काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। थ्प जानकारीको लागि कम्पनीको वेब साइट www.tradetower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

साउदीमा रोजगार
कम्पनी: BASHIR NOUR EL-DIN REDA AL-HADDAD TRADING ESTABLISHMENT शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५३६ L.T. No.: 313165

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २८ गते (13 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1343/074/075
AL JAZEERA OVERSEAS PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

कतारमा रोजगार
कम्पनी: Al Sraiya Security Services, Doha, Qatar
पूर्व स्वीकृती मिति २०८१।०१।३० चलानी नं. ६०२१९३९६ LT.No. 304660 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 82 | 14 | स.काममा दक्ष | 1500 | ५५,३९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | निःशुल्क |

प्रि अन्तरवार्ता धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट:
२०८१ कार्तिक २८ गते (13 Nov., 2024) CP Hotel बिर्तामोड नगरपालिका झापामा,
२०८१ कार्तिक २९ गते (14 Nov., 2024) Sunsari Multiple Training Centre इटहरी उप-महानगरपालिका सुनसरीमा,
२०८१ कार्तिक ३० गते (15 Nov., 2024) Nameste Janapriya Thakali Bhanshaghar पोखरा महानगरपालिका कास्कीमा र
२०८१ मंसिर १ गते (16 Nov., 2024) मुख्य कार्यालय काठमाडौ महानगरपालिका काठमाडौ लाजिम्पाटमा हुनेछ ।

रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५६/०५७ लाजिम्पाट काठमाण्डौ फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

KUWAIT मा रोजगार
कम्पनी: ALHAZM COMPANY FOR DELIVERING CONSUMER ORDERS शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५३२ L.T. No.: 313176

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 19 | 0 | स. काममा दक्ष | 140 | ६१,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २८ गते (13 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD. Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 981054684
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com, omamamanpowerdemand@gmail.com

कुबेतमा रोजगार
कम्पनी : SAFCO ALUMINUM FACTORY COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५३१ L.T. No.: 313137

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Workers | 70 | 0 | स. काममा दक्ष | 140 | ६१,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २८ गते (13 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

R.B. OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com

# लुम्बिनीका मुख्यमन्त्री आचार्य चीन भ्रमणमा जाँदै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ २० कात्तिक



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य चीन भ्रमणमा जाने भएका छन् । मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री आचार्यको चीन भ्रमण स्वीकृत गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए। सिचुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन मुख्यमन्त्री आचार्यसहित ७ सदस्यीय प्रतिनिधिमण्डल चीन जान लागेको हो।

सिचुआन प्रान्तमा समन्वय र विकासका विषयमा छलफल गर्न (नोभेम्बर ११ देखि १३) कात्तिक २६, २७ र २८ गते अन्तराष्ट्रिय सम्मेलन हुँदैछ। मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थलगायत भ्रमणमा जान लागेको शहरी विकास तथा खानेपानी मन्त्री रोज राणाले जानकारी दिए ।

यो भ्रमणले लुम्बिनी प्रदेश सरकार र चीनको सिचुआन प्रान्तबीच पारिस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने विश्वास लिइएको छ। भ्रमणको क्रममा लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई अघि बढाउन दुई पक्षीय सहयोग र सहकार्यका बारेमा समेत उच्चस्तरीय भेटवार्ता हुनेछ ।

वि.सं. २०७६ सालमा प्रदेश सरकार र सिचुआन प्रान्तबीच भगिनी सम्बन्ध कायम गरिएको थियो । तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको कार्यकालमा उक्त भगिनी सम्वन्ध कायम भएको थियो । कृषि, उद्योग, पर्यटनलगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबीच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो ।

# प्रमुख सूचना आयुक्तमा आचार्य सिफारिस



**काठमाडौं/मस-** राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्तमा नेपाल पत्रकार महासङ्घका पूर्वसभापति डा. सुरेशप्रसाद आचार्य सिफारिस भएका छन् । सभामुख देवराज घिमिरेको अध्यक्षतामा सोमबार बसेको सिफारिस समितिको बैठकले प्रमुख आयुक्तमा उनलाई सिफारिस गरेको हो ।

यसैगरी, समितिले प्रेस चौतारी नेपालका पूर्वअध्यक्ष गगन विष्ट र पूर्वसचिव दुर्गा भण्डारीलाई सूचना आयुक्तमा सिफारिस गरेको सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले जानकारी दिए ।

प्रतिनिधिसभाका सभामुख अध्यक्ष र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल पत्रकार महासङ्घका अध्यक्ष सदस्य रहने तीन सदस्यीय सिफारिस समितिले प्रमुख सूचना आयुक्त र आयुक्त सिफारिस गर्ने प्रावधान छ । प्रमुख आयुक्तमा १५ जना र आयुक्तमा २९ जनाले आवेदन गरेका थिए ।

# वीरगञ्जमा छठपर्वलक्षित विशेष सुरक्षा योजना बनाइने

**वीरगञ्ज/मस-** जिल्ला प्रशासन कार्यालयले छठपर्वमा सम्भावित जोखिमलाई मध्यनजर गर्दै विशेष शान्ति सुरक्षा योजना बनाउने भएको छ । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्ला सुरक्षा समितिको बैठक बसेर छठपर्वका लागि आवश्यक सुरक्षा रणनीतिसहित योजना बनाइने बताए ।



'छठपर्वमा विशेष सुरक्षा प्रबन्ध मिलाउनेछौं,' उनले भने, 'विगतका छठपर्वका जोखिमका विषय के-के हुन्, ती विषयलाई सम्बोधन गर्ने गरी सुरक्षा योजना बनाएर अघि बढ्नेछौं ।' प्रजिअ अर्यालले जिल्लाका सुरक्षा निकायसँगै नगरप्रहरीसँग पनि समन्वय गरेर अघि बढ्ने बताए।

वीरगञ्ज महानगरभित्र घडीअर्वा पोखरी, रानीघाट छपकैयाको छठघाट, माईधिया पोखरी, नगवा पोखरी, सोलकपुर चोर्नी र परसवाको छठघाटमा विशेष सजावट र डेकोरेसन गरेर छठपर्व मनाइँदैछ । वीरगञ्जमा सबैभन्दा धेरै दर्शनार्थी तथा अवलोकनकर्ता घडीअर्वा पोखरीमा आउने गर्छन् । त्यसैले घडीअर्वा पोखरीको सुरक्षा चुनौती प्रमुख हुने गर्छ ।

घडीअर्वा पोखरी छठपूजा व्यवस्थापन समिति अन्तर्गतको सुरक्षा उपसमितिका संयोजक मनोहर गुप्ताले घडीअर्वा पोखरीमा करिब एक लाख ५० हजार भन्दा धेरै अवलोकनकर्ता आउने भएकाले सुरक्षा चुनौती मुख्य रहने बताए।

छठपर्व कात्तिक शुक्ल चतुर्थी अर्थात आजदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ । छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ताले घडीअर्वा पोखरीको शान्ति सुरक्षाको लागि २० थान सीसी क्यामेरा जडान गरिसकेको जानकारी दिए । 'यहाँ विशेष गरी कात्तिक २२ गते अस्ताउँदो सूर्यलाई अर्घ्य दिने बेला र २३ गते उदाउँदो सूर्यलाई अर्घ्य दिने बेला निकै सावधानी अपनाउन आवश्यक देखिन्छ,' उनले भने ।

छठघाट परिसरमा दमकल, एम्बुलेन्स, स्वास्थ्यकर्मी लगायतको टोली खटाइनेछ । प्रजिअ अर्यालले विगतका वर्षमा जस्तै यो वर्ष पनि पर्सा जिल्लामा छठपर्व शान्तिपूर्ण वातावरणमा मनाउने गरी आवश्यक तयारी भइरहेको बताए । सशस्त्र प्रहरी बल पर्साका प्रमुख राधेश्याम धिमालले घडीअर्वा पोखरीमा उद्धारसहितका टोली परिचालन गरिने बताए । जिल्ला प्रहरी प्रमुख कुमोध ढुंगेलले छठ पर्वका लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध मिलाइने बताए ।

# पृथ्वीराजमार्गको ६३ किमी कालोपत्र सम्पन्न

**तनहु/मस-** मुग्लिन-पोखरा सडकअन्तर्गत पूर्वी खण्डमा दुई लेनको ६३ किलोमिटर सडक कालोपत्र गरिएको छ। आयोजनाको पूर्वी खण्डका अनुसार २९ किमी चार लेन र पाँच किमी दुई लेनको सडकमा कालोपत्र गरिएको हो ।



तिहारको समयमा पनि काम भएको आयोजनाको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए । 'यस खण्डको हालसम्म ६८ प्रतिशत कार्य प्रगति भएको छ,' उनले भने, 'चाडवाड सकियो अब निर्माणले झन् गति लिन्छ ।'

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-४ को दमौली बजार र व्यास-५ को चापाघाट जोड्ने मादी नदी पुलको निर्माणको भौतिक प्रगति ४५ प्रतिशत पुगेको उनले जानकारी दिए । तीन सय १५ मिटर लामो यस पुल 'आर्क डिजाइन'को चार लेनको हुनेछ । आयोजनाका अनुसार पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले पुल डिजाइन गरिएको छ ।

पर्यटक पनि आकर्षित गर्ने भनी कलात्मक निर्माण गर्न लागिएको ठेकेदार कम्पनीका साइट इन्चार्ज दिनेश श्रेष्ठले जानकारी दिए । पुलको सातवटा 'फाउन्डेसन' निर्माण गरिएको छ । हाल पानीमुनि पाइलिङ, पाइल क्याप र पिलरको काम पूरा गरी पानीमाथि 'सुपर स्ट्रक्चर' निर्माण भइरहेको छ ।

हाल रहेको दुई लेनको पुलबाट करिब ५० मिटर उत्तरतर्फ नयाँ पुल निर्माण भइरहेको र पुल निर्माणका लागि एक अर्ब २१ करोडमा ठेक्का सम्झौता भएको आयोजनाको पूर्वी खण्डका इन्जिनियर पाण्डेले जानकारी दिए । पाण्डेका अनुसार नेपालमै पहिलोपटक चार लेनको पुल निर्माण भइरहेको र तीन वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य छ ।

निर्माणाधीन सोही पुल नजिक दुई लेनको तीन सय ७० मिटर लामो पुलबाट हाल सवारी आवतजावत भइरहेका छन् । कूल ८१ किलोमिटर लम्बाइ रहेको मुग्लिन-पोखरा सडकको विस्तार विसं २०७८ वैशाखदेखि शुरु भएको हो । हाल उक्त राजमार्ग दुई लेनको छ ।

पूर्वी र पश्चिमी खण्ड गरी दुई भागमा विभाजन गरी विस्तार शुरु गरिएको सो सडकको पूर्वी खण्ड (मुग्लिन-जामुने) को लम्बाइ ४१.४५ किलोमिटर र पश्चिम खण्ड (जामुन-पोखरा) को लम्बाइ ३९.५५ किलोमिटर छ ।

# बेमौसमी वर्षाले धान बालीमा क्षति, किसान समस्यामा

**बाके/मस-** सोमबार साँझ परेको बेमौसमी वर्षाले बाँकेमा काटेर खेतमै सुकाएको धानबालीमा क्षति पुऱ्याएको छ । वर्षाले भित्र्याउन ठिक्क परेको धानको बाला रुझाएको छ भने काट्न ठिक्क परेको धान खेतमा नै झारिदिएको छ। वर्ष दिनसम्म खाने धानबाली वर्षाले भिजाएर क्षति पुऱ्याएको नेपालगञ्ज-१७ परसपुरका किसान रामसुरत बर्माले बताए।



दुई बिघा खेतमा लगाएको मसिनो जातको धान काटेर स्याहार्ने बेला गए रातिको वर्षाले भिजाएर ठूलो क्षति भएको उनको भनाइ छ। केही दिनदेखि मौसम पूर्ण रूपमा नखुलेका बेला डराइडराई धान काटेका किसानलाई वर्षाले निराश पारेको छ । नेपालगञ्ज-१७ थुकैलागाउँकी किसान मायावती यादवले वर्षभरि खाने धान क्षणभरमै भिजेर नष्ट भएको बताइन् । उनले भनिन्, 'धान काटेको तीन दिन भयो, दिपावली मनाएर घर लैजाने भनेको पानीले रुझायो, अब धान र पराल काम नलाग्ने भयो ।'

बेमौसमी वर्षाले धान स्याहार्न नपाएका यहाँका किसानलाई चिन्तित बनाएको छ । कृषि ज्ञान केन्द्र बाँकेका कार्यालय प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेले बेमौसमी वर्षाले काटेको धानमा ठूलो क्षति पुऱ्याएको बताए ।

'अचानक परेको पानीले अन्य बालीमा असर नपुगे पनि काटेको धानलाई क्षति पुऱ्याएको छ, के कति क्षति भयो भन्ने तथ्यांक संकलनमा लागेका छौं,' उनले भने, 'बाँकेमा छिटो पाक्ने धान किसानले स्याहारिसकेका छन्, ढिलो पाक्ने धान भित्र्याउने बेला क्षति पुगेको छ ।'

उनले छिटो पाक्ने धान रोपेका बाँकेका अधिकांश किसानले धान स्याहारेर गहुँ, तोरीखेतीका लागि खेत तयारी गरिरहेको जानकारी दिए । करिब ६० प्रतिशत बढी किसानले धानबाली भित्र्याइसकेको अनुमान रहेको प्रमुख घिमिरेले बताए । बाँकेमा यो वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएकामा बेमौमी वर्षाले धानबालीमा क्षति पुऱ्याएको छ ।

# क्यान्सर पीडित गंगालाई आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २० कात्तिक

पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका ७ धाइरीङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि कतारबाट आर्थिक सहयोग प्राप्त भएको छ । कतारमा रहेर कतार एयरवेजमा कार्यरत नेपालीहरूको अग्रसरतामा स्थापित श्री सद्भाव युवा समाज कतारले रु १७ हजार ५ सय ४० रुपैयाँ आर्थिक सहयोग गरेको हो।

समाजमा विभिन्न व्यक्तित्वहरूमार्फत विभिन्न प्रकृतिका सहयोगका याचना हुने र ती सहयोगउपर पूर्ण कार्यसमितिको बैठकले निर्णय गर्दै सहयोग गर्ने गरिएको समाजका अध्यक्ष विजय गुरुङले बताए । उनले मानवीय सेवाका लागी सहयोग गर्न पाउँदा सद्भाव समूहले गर्व गर्ने बताउँदै सहयोगको वातावरण तयार पारिदिएकोमा मध्यान्हकर्मीलाई धन्यवाद दिँदै बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरे ।

हाल बिपी कोइराला क्यान्सर अस्पतालमा उपचार गराइरहेकी दमाईको उपचारमा ठूलो रकम लाग्ने र आर्थिक अवस्था कमजोर भएका कारण परिवारले सहयोगको अपिल गरेको थियो । बिरामीलाई सहयोग गर्न चाहनेले बिरामीको छोरी अनिता दर्जीको एनएमबि बैंकको खाता नम्बर १२१०२००९४१७००१२ वा राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर ३५००१००००००४१२०३ मा सहयोग गर्न सकिने व्यवस्था गरिएको छ। तेस्रो पटकको केमो चढाइसकिएको र स्वास्थ्यमा क्रमिकरूपमा सुधार हुँदै गएको बिरामीकी छोरी अनिताले जानकारी दिइन् । पोखराको निजी बोर्डिङमा पढाएर परिवारको जोहो गर्दै आएकी अनिताले आफ्नो आमाको उपचारमा थप सघाउन आग्रह गरेकी छन् ।

# प्रहरी महानिरीक्षक इन्टरपोलको ९२औं महासभामा सहभागी



**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक(आईजीपी) वसन्त कुँवर अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को ९२औं महासभामा सहभागी भएका छन् । स्कटल्यान्डमा आयोजित महासभा कात्तिक २२ सम्म सञ्चालन हुनेछ ।

इन्टरपोलको महासभामा सहभागी हुन आईजीपी कुँवर कात्तिक १८ गते बिहान १ बजे त्यसतर्फ प्रस्थान गरेका थिए । महासभामा सशस्त्र प्रहरी बलका डीआईजी अन्जनी कुमार पोखरेल र नेपाल प्रहरीका एसपी कोमल शाह पनि सहभागी छन् ।

१९६ सदस्य राष्ट्रहरूको सहभागिता रहने यस इन्टरपोल महासभामा इन्टरपोलका महत्वपूर्ण नीतिगत विषयहरूमा मतदानद्वारा निर्णय गरिने प्रावधान रहेको छ । जसमा नेपालले पनि भाग लिनेछ ।

# त्रिवि पत्रकारिता विभागलाई मुद्रणयन्त्र हस्तान्तरण

**मोरङ/मस-** नगेन्द्रप्रसाद रिजाल नेतृत्वको मन्त्रिपरिषद्मा शिक्षा तथा सञ्चार राज्यमन्त्रीका रुपमा राष्ट्रको सेवा गरेका स्वर्गीय राधाप्रसाद घिमिरेको विराटनगर-२ स्थित निवासमा रहेको सन् १८८३ मा निर्मित मुद्रणयन्त्र मंगलबार त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार विभागलाई मंगलबार हस्तान्तरण गरिएको छ ।



विभागका प्रमुख कुन्दन आर्यालयलाई स्वर्गीय घिमिरेकी कान्छीबुहारी दुर्गा घिमिरेले उक्त यन्त्र हस्तान्तारण गरेकी हुन् । पूर्वराज्यमन्त्री घिमिरेले २०१५ को आम निर्वाचनमा पर्चा, 'पोस्टर' छाप्न भारतको कोलकाताबाट खरिद गरी विराटनगरको रङ्गेली रोडमा पायोनियर प्रिन्टिङ प्रेस २०१४ स्थापना गरेको वरिष्ठ पत्रकार मोहन भण्डारीले बताए । त्यस अवसरमा आमसञ्चार विभाग प्रमुख अर्यालले यन्त्रका माध्यमबाट छापाखानाको इतिहासबारे ज्ञान प्राप्त गर्न विद्यार्थी तथा शोधकर्तालाई सहयोग पुग्ने बताए । पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति विजु थपलियाले उक्त यन्त्र छापा पत्रकारिताको जीवन्त इतिहास झल्काएको बताए।

मावअधिकारीकर्मी सुशील प्याकुरेल, वरिष्ठ पत्रकार कनकमणि दीक्षित, प्राध्यापक कृष्ण पोखरेल, महेन्द्र मोरङ क्याम्पसका प्रमुख रामअवतार शरण, दिनेश श्रेष्ठलगायतले मुलुकको प्रमुख व्यापारिक केन्द्रमध्येको एक विराटनगरमा छापाखानाको विकासक्रमका साथै जटिल समयमा पर्चा, समाचारलगायत पाठ्यसामग्री छापेर छापा पत्रकारिताको विकासमा योगदान गरेको चर्चा गरे ।

राष्ट्रिय समाचार समिति सञ्चालक समितिका सदस्य एवम् न्यू सृष्टी दैनिकका प्रधान सम्पादक शंकर खरेलको पहलमा उक्त मुद्रणयन्त्र विश्वविद्यालयले प्राप्त गरेको आमसञ्चार विभागका प्रमुख अर्यालले सोही अवसरमा जानकारी दिए ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.
२०३२/०१/०६

स्वर्गारोहणः
बि.सं.
२०८१ कार्तिक १६

**स्व. हरि सिंह भण्डारी**

(नि. प्रमुख, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटी)

मिति २०८१ कार्तिक १६ गते शुक्रबारका दिन कैलालीको निसर्ग अस्पतालमा उपचारका क्रममा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटीका निमित्त कार्यालय प्रमुख श्री हरि सिंह भण्डारीज्यूको अकल्पनीय, असामयिक निधन भएकोले दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा सम्पूर्ण शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय परिवार**
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

मध्यान्ह
www.madhyanhadaily.com
२१ कार्तिक २०८१, बुधबार
6 November 2024, wednesday

## सम्पादकीय

# लोकतन्त्रको प्राण

प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले केही दिन अगाडि महत्वपूर्ण अभिव्यक्ति दिएका छन् । उनले सार्वजनिक प्रण लिएका छन्, प्रधानमन्त्री केपी शर्मा ओलीलाई आलोचनाप्रति इन्करेज गर्ने । प्रजातन्त्रमा आलोचना स्वभाविक कुरा भएको र त्यसप्रति प्रधानमन्त्रीलाई प्रोत्साहित गर्ने देउवाको सार्वजनिक अभिव्यक्ति साँच्चै अर्थपूर्ण छ । देउवाले भनेका छन्– प्रजातन्त्रमा आलोचना हुने कुरा स्वभाविक हो । अरू पार्टीहरू (विपक्षी दलहरू) ले उहाँलाई (प्रधानमन्त्रीलाई) आलोचना गरेका छन्, त्यसलाई खराब मान्ने कुरा छैन । सँगै सभापति देउवाले वर्तमान सत्ता गठबन्धनप्रति र नेकपा एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्री स्वीकार्ने निर्णयप्रति कांग्रेसभित्र उत्साह रहेको पनि बताए । ओलीलाई प्रधानमन्त्री स्वीकार्ने निर्णयमा पार्टीभित्र उत्साह रहेको बताएर देउवाले गठबन्धनप्रतिको इमान्दारिता प्रकट गरेको बुझ्न सकिन्छ । तर आलोचनाप्रति नकारात्मक नहुन ओलीलाई दिएको सुझाव लोकतन्त्रकै निम्ति समेत अर्थपूर्ण छ ।

तर प्रधानमन्त्री ओलीले देउवाको सुझाव बिपरीत अभिव्यक्ति दिएका छन् । एउटा ब्यंग्यात्मक कार्यक्रममा सहभागी भएका ओलीले चर्को आक्रोश पोखेका छन् । मुद्दा खेपिरहेका व्यापारीबाट पार्टी केन्द्रीय कार्यालय भवन दानमा लिने एमालेको निर्णयप्रति व्यंग्यात्मक प्रस्तुति सुनेपछि ओलीले खण्डन गरेका थिए । एमालेले मात्र ब्यापारीबाट दान लिन लागेको नभइ अरू पार्टीहरूको कार्यालय पनि दानमै आएको तर्क ओलीले गरेका थिए । अझ अगाडि बढेर चुनाव जितेका सांसद/नेताहरू मध्ये कसैले पनि आफ्नो पैसाले चुनाव नलडेको व्याख्या प्रधानमन्त्री ओलीले गरेका थिए । हरेक दृष्टिकोणले प्रधानमन्त्री ओलीको उक्त अभिव्यक्ति शोभनीय होइन । पहिलो जस्तो व्यक्तिले ब्यापारीकै पैसाले सम्पूर्ण राजनीति चलेको सन्देश दिनेगरी बोल्दा सार्वजनिक सुशासनको एजेण्डा कमजोर बनेर जानेछ । दोस्रो व्यंग्य पञ्चायतकै बेला पनि हुन्थ्यो, राजाको । तर आफ्नो व्यंग्य सुनेर प्रतिवादमा उत्रने ओलीको शैली आलोचनात्मक संस्कृति अस्वीकार गर्ने कुरो हो ।

त्यसैले देउवाले ओलीलाई दिएको सुझाव अर्थपूर्ण भनिएको हो । यसको अर्थ बयोबृद्ध नेता देउवाको समर्थन वा पक्षधरता लिइएको होइन । पक्षधरता लिनुपर्ने ठोस् कारण पनि छैन । अझ सत्ता साझेदारहरूकै कुरा भएकाले एकको तुलना अर्कासँग गरिनु ठूलो अर्थको कुरा पनि होइन । तर प्रधानमन्त्री ओली आफ्नो निर्णयप्रति असहमत अथवा आलोचना गर्नेहरूविरूद्ध जसरी प्रस्तुत भइरहेका छन्, त्यो सन्दर्भमा देउवाको सुझाव साह्रै आना सही छन् । देउवाले भनेजस्तै लोकतन्त्रमा आलोचना स्वभाविक र सामान्य प्रक्रिया हो । अर्को अर्थमा आलोचना लोकतन्त्रको एक अंग र मानक पनि हो । नेतृत्वको निर्णयमा असहमति राख्न पनि सकिन्छ भने त्यो लोकतान्त्रिक प्रणाली हो । तर नेतृत्वको निर्णयमा फरक मत राख्न मिल्दैन भने त्यो लोकतन्त्र होइन । अहिले आफ्नो निर्णयमा फरक मत राख्ने एमालेकै नेताहरूविरूद्ध ओलीले स्पष्टीकरण सोधेका छन् । उक्त स्पष्टीकरणको प्रष्ट सन्देश हो– आलोचना बर्जित छ ।

# जलवायु परिवर्तनप्रति नगएको ध्यान

*जलवायु परिवर्तनको मुद्दा जबसम्म चुनावी राजनीतिमा जित्ने-हार्ने मुद्दा बन्दैन तबसम्म 'एक पृथ्वी, एक परिवार, एक भविष्य' जस्ता नाराहरू महसुस हुने गरी अगाडि आउँदैनन् । अहिलेसम्म देखिँदै र अनुभव गरिँदै आएको वास्तविकता यही नै हो ।*

अग्रलेख



● लोकनारायण सुबेदी

मानव जाति मात्रै होइन, समग्र प्राणी र वनस्पतिको लागि पनि साझा घर पृथ्वी हो । सबैको हितलाई हेरियो भने मात्रै यसको रक्षा हुन्छ । जसकारण विवेकी प्राणीको रूपमा मानव यसलाई जोगाउन अघि सर्नुपर्दछ । तर, मानव नै रक्षा होइन, सिध्याउन अघि बढ्दा आज पृथ्वीकै भविष्यमाथि प्रश्न उठेको छ । पृथ्वीमा प्राणी जगत् सुरक्षित होला वा नहोला भन्ने अवस्था बनेको छ । जसमा आमरूपमा चिन्ता र चासो व्यक्त भइरहेका छन् तर, कार्यान्वयनमा समस्या बनिरहेको छ । दशकौंदेखि पृथ्वीको बिग्रँदो अवस्थालाई सम्हाल्ने विषयमा नारा घन्काइएको छ तर, नारा कार्यान्वयनमा गएको छैन ।

अहिले अत्यधिक गर्मी बढ्दै गएको पृथ्वी उम्लिने अवस्थामा आउन लागिरहेको छ । यस क्रममा २०१९ देखिएता प्रत्येक वर्ष पृथ्वी आफ्नो पूर्ववर्ती स्थितिभन्दा अझ गरम हुँदै आइरहेको विज्ञ वैज्ञानिकहरूले औंल्याइरहेका छन् । यस सम्बन्धी संवेदना अझ प्रखर होओस् भनेर सायद ५ जून १९७४ भन्दा पहिला विश्व पर्यावरण दिवसका दिन केवल एउटै पृथ्वी अर्थात् - 'अन्ली वान अर्थ' भन्ने विषयलाई नाराकै रूपमा सन् २०२२ मा दोहोऱ्याएको थियो । पृथ्वीवासीले आफ्नो आजको र भोली भविष्यको दिनलाई समेत परस्परमा आपसमा गाँठो पारेर राखुन् भनेर १९८३ मा संयुक्त राष्ट्र संघद्वारा गठित पूर्व नर्बेजियाली प्रधानमन्त्री हलम ब्रटलमको 'ब्रटलम आयोग'को विश्व पर्यावरण आयोगले दिएको प्रतिवेदनलाई संयुक्त राष्ट्र संघको पर्यावरण तथा विकास आयोगले १९८७ मा 'हाम्रो साझा भविष्य' अर्थात् 'आवर कम्मन फ्यूचर' नामबाट प्रकाशित गरेको थियो । यस बिग्रँदो अवस्थाको प्रत्युत्तरमा नै २०२१ को पृथ्वी दिवस अर्थात् 'अर्थ डे' को विषयलाई अझ परिमार्जित गरेर 'रिस्टोर आवर अर्थ' अर्थात् 'पृथ्वीलाई पुनर्स्थापना गरौं' भन्ने तय गरिएको हो ।

प्रकृति जनित नैसर्गिक परिवेशमा हामी सबै मानिस यो पृथ्वीमा सहोदर हौं । कुटुम्ब नै हौ । बसुधै व कुटुम्बकम् भन्ने सूत्र वाक्यको छाताको छायामा ठुला आर्थिक व्यवस्था भएका देशहरूमा सेप्टेम्बर २०२२ मा भएको दिल्लीको जी-सम्मेलनमा पनि पृथ्वीको हितमा गर्मी बढाउने ग्यासहरूको कटौतीको राष्ट्रिय लक्ष्यलाई बढाउने कुरा नहुँदा सहभागी देशहरूको सूत्र वाक्यप्रति समर्पणको कमी स्पष्ट भएकै थियो । त्यसैले जी- २० को दिल्ली सम्मेलनमा सूत्र वाक्यको सम्मान गर्दै उपस्थित देशहरूले तातेर उम्लिँदो पृथ्वीको बढ्दो तापक्रमलाई १.५ डिग्रीमा सीमित राख्नमा आत्मसंयम किसिमले आफ्नो कार्बन उत्सर्जनमा कटौती गर्ने घोषणा गर्नुपर्ने थियो । विश्वको ८५ प्रतिशत कार्बन उत्सर्जन हिस्सेदारी जी- २० का सदस्य देशहरूकै छ । २०२२ को संयुक्त राष्ट्रको 'यूनाइटे ईमिशन ग्याप रिपोर्ट'ले पनि एकदमै स्पष्ट भइसकेको थियो कि वर्तमान विश्वमा यदि विभिन्न देशहरूको स्वघोषित उत्सर्जन कटौतीमा योगदानका सारा शपथहरूलाई यदि जोडिदिइयो भने पनि कूल उत्सर्जन कटौती दुईदेखि तीन अर्ब टनको मात्रै आउँदछ ।

जबकि पेरिस जलवायु सम्झौता २०१५ को अनुसरणको क्रममा २३ टन कार्बनडाई अक्साइड कटौती गर्नुपर्ने हो । अनि द्वीपमय देश जसको जलवायु विपत्ति प्रेरित गर्नमा सबैभन्दा कम अंश रहेको छ, तिनलाई नै जलवायु विपत्तिको मार सबैभन्दा बढी झेल्नु परिरहेको अर्को समस्या पनि सँगसँगै जोडिएको छ । कोप-२७ मा जलवायु जोखिम सम्भावित देशहरूले त कोष स्वीकृतिका लागि दबाब सिर्जना गर्नुपर्ने धम्की पनि दिएका थिए कि जबसम्म यस सम्बन्धी निर्णय हुँदैन उनीहरू फिर्ता जाने छैनन् । अन्ततः कोपको इतिहासमा कोप-२७ पहिलो सम्मेलन बन्न गएको थियो, जसमा ठुलो दबाबका बिच धनी देशहरूले आर्थिक-सामाजिक संरचनाहरूलाई हुने नोक्सानीको



भर्पाईका लागि कार्बन प्रदूषणबाट पीडित गरिब देशहरूका लागि एउटा मुआब्जा अर्थात् क्षतिपूर्ति कोषको कुरा स्वीकार गरेको थियो । यस्तो कोषको माग जसबाट धनी देशहरूको कार्बन प्रदुषणजनित जलवायु संकटबाट पीडित गरिब अल्पविकसित र विकासशील देशहरूलाई मुआब्जा दिन सकियोस् भन्ने रहेको हो ।

यो कुरा बितेको तीन दशकदेखि लगातार चल्दै आएको पनि थियो । तर, मूलतः मानव सम्पदा, कल्याण, आजीविका, स्वास्थ्य, आवास, परिबहन, कृषि, पशुपालन जस्ता क्षेत्रहरूमा मानवसँग जोडिएका हानीमा मुआब्जालाई प्राथमिकतामा राख्ने गरेको यस मानव केन्द्रित कोषबाट जलवायु परिवर्तनका दंशबाट हुने नोक्सानीमा राहत कहाँ प्राप्त भएको छ र ? बितेको पाँच दशकमा पाँच दोब्बर विश्व आर्थिक प्रगतिका लागि पृथ्वीको ७० प्रतिशतभन्दा बढी प्राकृतिक संसाधनहरू तिनको बहनीय क्षमता भन्दा बढी दोहन भएको छ ।

एक शताब्दीमा आधा विश्व सिमसार र समुद्रका आधाभन्दा बढी मुगाका चट्टानहरू समाप्त भइसकेका छन् । वर्षैपिच्छे एक करोड हेक्टरभन्दा बढी बन समाप्त भइरहेको छ । जलवायु परिवर्तनको लडाई लड्नु छ । तर, कार्बन अवशोषक क्षेत्र समाप्त भइरहेका छन् । दश लाख जैविक प्रजातिहरू समाप्त हुने संघारमा पुगेका छन् । १८८० पछिका विश्वका सबैभन्दा कडा गर्मीका वर्ष बनेका छन् । २०१५ को पेरिस सम्झौतामा तापक्रम २ डिग्री सेण्डिग्रेडसम्ममा सीमित राख्ने लक्ष्य विपरीत विश्वको सरदर तापक्रम ३ डिग्री सेण्डिग्रेडतर्फ बढिरहेको छ । त्यसैले वैज्ञानिकहरूले त पूरै सुरक्षाका लागि यसलाई पूर्व औद्योगिक समयको तापक्रमको सापेक्ष १.५ डिग्रीको बुद्धिसम्ममा सीमित राख्नुपर्ने बताइरहेका छन् । हिमाच्छादित क्षेत्र - चाहे ती ग्रीनल्याण्डका हुन्, साइबेरियाका या हिमालयका ती सबै आज बढ्दो गर्मीका कारण सन्त्रस्त छन् । समुद्रका सतहहरू पनि माथिमाथि आइरहेका छन् । विश्वमा जङ्गलको डढेलो जहाँसुकै पनि अब मानव बस्तीको क्षेत्रमा पुग्न थालेका छन् । पृथ्वीका ६५ प्रतिशत वन्य जीव समाप्त भइसकेका छन् ।

*एक शताब्दीमा आधा विश्व सिमसार र समुद्रका आधाभन्दा बढी मुगाका चट्टानहरू समाप्त भइसकेका छन् । वर्षैपिच्छे एक करोड हेक्टरभन्दा बढी बन समाप्त भइरहेको छ । जलवायु परिवर्तनको लडाई लड्नु छ । तर, कार्बन अवशोषक क्षेत्र समाप्त भइरहेका छन् । अहिले दश लाख जैविक प्रजातिहरू समाप्त हुने संघारमा पुगेका छन् ।*

डिसेम्बर २०२३ मा सम्पन्न कोप-२८ को सम्मेलन दुबईको आतिथ्यता एउटा ठुलो तेल उत्पादक देशले गरेको थियो । स्वभाविकरूपले त्यहाँ तेलको उपयोग कटौतीको साटो प्रविधिबाट कार्बन उत्सर्जन कटौतीको बाटोमा नै लाग्ने सहमति देखिएको थियो । कोप-२९ जसको आयोजन सन्निकट छ र त्यो ठुलो तेल उत्पादक देशमा नै भइरहेको छ, जसमा पनि मुख्य ध्यान जलवायु वित्तमाथि नै रहने प्रस्ट देखिन्छ । तर, कटु सत्य के छ भने कार्बन उत्सर्जन कम गर्न विफल रहेका धनी देशहरूले जलवायु परिवर्तनजनित संकटका लागि मुआब्जा (क्षतिपूर्ति)का लागि धन खर्च गर्नका साटो परोक्षरूपमा कार्बन कम गर्ने दबाब खुकुलो पार्ने नीति अघि सार्दै आएका छन् । यो त उनीहरू सस्तोमा रहने या गर्माउँदै रहेको पृथ्वीलाई शीतल तुल्याउन बाटोको अवरोध बन्ने नै कुरा हो । जलवायु परिवर्तनको मुद्दा जबसम्म चुनावी राजनीतिमा जित्ने-हार्ने मुद्दा बन्दैन तबसम्म 'एक पृथ्वी, एक परिवार, एक भविष्य' जस्ता नाराहरू महसुस हुने गरी अगाडि आउँदैनन् । अहिलेसम्म देखिँदै र अनुभव गरिँदै आएको यथार्थ वास्तविकता यही नै हो । जुन निकै चिन्ताको विषय बनिरहेको छ ।

## सामाजिक सञ्जाल



**- शरदराज पाठक**

एउटा नामुद गुन्डा जसका लागि खुँडा/तरबार खेलौना सरह थियो, उसलाई आफ्नो स्वार्थवस् रेड कार्पेट बिच्छाएर, खादा माला लगाएर तामझामसँग पार्टीमा भित्र्याउँदै 'नेता बनाउने' दुष्प्रयत्न ज-जसले गरे, तिनले कम्तीमा आज राती आफ्ना इमानदार सन्तानको अगाडी उभिएर माफी मागुन् ।



**- विवश घरेल**

बयान लिनु बाँकी केही छैन, अनुसन्धान बाँकी केही छैन, अझै प्रमाणहरू केही भेटिएनन् । र, पनि अझै १० दिन हिरासत मै राख्ने रे ! यसलाई प्रतिशोध नभनेर के भन्ने ? छर्लङ्ग बुझ्न सकिन्छ सरकार, बार्गेनिङ के हो भनेर ।



**- सुदीप खनिया**

प्रायः बाटाहरू तहसनहस छन् । जीविकोपार्जनका पनि, राजमार्गका पनि ! यो लेबलको नागरिक हेपाइ चैं अपमान हैन ? राजधानीको वातानुकूलित कोठामा बसेर 'नेताको अपमान' मा एडिटोरिएल लेख्ने एडिटरज्यूलाई नागरिकको कुनै हेक्का छ ?



**- भीम रावल**

वैदेशिक अध्ययनका लागि गएको दुई महिनामा मात्र सवा २८ अर्ब र गत आर्थिक वर्षमा १ खर्ब २५ अर्ब १३ करोड देश बाहिर गएको समाचार तथा देशका नाम चलेका शिक्षण संस्थामा समेत विद्यार्थीको संख्या कम भएको तथ्यले के नेपालको भविष्य बलियो र सुरक्षित हुने संकेत गर्छ ? यसतर्फ राज्यको ध्यान जाला ?

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | शत्रु परास्त हुनेछन् । सुखद समाचार प्राप्त हुनेछ । |
| वृष : | प्रियजनसँग भेट हुनेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| मिथुन : | आत्मविश्वास राख्नुहोला । अर्काको कारण विवादमा पर्ने योग छ । |
| कर्कट : | जिद्दी स्वभावले गर्दा काम बिग्रन सक्छ । यात्रा सफल हुने योग छ । |
| सिंह : | वैवाहिक कार्यमा सफलता मिल्नेछ । आम्दानीमा वृद्धि हुनेछ । |
| कन्या : | मनोबल उच्च रहनेछ । नयाँ अनुबन्ध प्राप्त हुने योग छ । |
| तुला : | सन्तुलित आहार लिनुहोला । सकारात्मक सोच राख्न आवश्यक छ । |
| वृश्चिक : | आनन्दित रहने योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| धनु : | शुभ समाचार प्राप्त हुनेछ । नयाँ कार्यहरूमा सावधानी राख्नुपर्छ । |
| मकर : | धर्मपालनामा रुचि देखिन्छ । आय बढ्ने योग छ । |
| कुम्भ : | लामो यात्राको योग छ । नयाँ काम बन्नेछ । |
| मीन : | नयाँ कार्यमा सावधानी राख्नुहोला । यश बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# खोजिनुपर्ने विकल्प

विचार



● दिपेन्द्र घिमिरे

*नेपालमा संसदीय राजनीति गर्ने पार्टीहरूले क्रान्ति वा परिवर्तनका नाममा राजनीति गरिरहेका छन् । यिनीहरूलाई नागरिकको आधारभूत आवश्यकता पूरा गर्नुपर्ने दायित्वको कुनै प्रवाह छैन । यिनका सबै प्रकारका राजनीतिक भ्रान्तिहरूबाट अब नेपाली जनता मुक्त हुनै पर्छ ।*

राजनीतिले नै हरेक कुराको निर्णायक भूमिका निर्वाह गर्छ । राजनीति परिवर्तनका लागि हो । देशको राजनीति सही ट्र्याकमा छ भने मात्र अरू नीति प्रभावकारी हुन सक्छन् । नेपालमा संसदीय राजनीति गर्ने पार्टीहरूले क्रान्ति वा परिवर्तनका नाममा राजनीति गरिरहेका छन् । यिनीहरूलाई नागरिकको आधारभूत आवश्यकता पूरा गर्नुपर्ने दायित्वको कुनै प्रवाह छैन । यिनका सबै प्रकारका राजनीतिक भ्रान्तिहरूबाट अब नेपाली जनता मुक्त हुनै पर्छ ।

सबै क्षेत्रका समस्याहरूको जड भनेको राज्यसत्ता नै हो । राज्यसत्ताको स्वरूप कस्तो छ र यसले कुन वर्गको पक्षधरता लिन्छ भन्ने कुरा प्रमुख हुन्छ । अहिले नेपालमा नवऔपनिवेशिक पुँजीवादी संसदीय व्यवस्था छ । यसले मजदुर वर्गको हितमा कदापि काम गर्दैन । विविध ब्यानरमा खुलेका धनी वर्गका पार्टीहरू गरिबको पक्षमा रहेको दाबी गर्छन् । तर, तिनीहरू प्रत्यक्ष गरिबको पक्षमा हुँदैनन् । गरिब र श्रमिक वर्ग आफैं राजनीतिक उद्देश्यमा गोलबन्द नभएसम्म उनीहरूको चाहना र अपेक्षाअनुसारको अवस्था आउने कुरै भएन ।

विद्यमान संसदीय पार्टीहरूको विकल्पमा विखण्डित जनसमुदायहरूलाई जोड्न सक्ने विचारसहितको जनउत्तरदायी पार्टीको आवश्यकता महसुस गरिएको छ । त्यसलाई सम्बोधन गर्न आवश्यक छ । नागरिकको अपेक्षालाई 'डेलिभर' गर्न नसक्ने वर्तमान नवऔपनिवेशिक पुँजीवादी संसदीय व्यवस्थाको विकल्प खोजिनुपर्छ । सत्ता र राजनीतिमा पात्र र परिस्थिति संयोग मात्र हुन् । मुख्य कुरा त व्यवस्था हो । नेता र कार्यकर्ताप्रति केन्द्रित राजनीतिले जनताको 'सेन्टिमेन्ट'लाई केन्द्रमा राख्दैन । त्यसैले राज्यसत्ताले गरिब वर्ग, जनताको कित्ता र सामुदायिक स्वार्थको प्रतिनिधित्व गर्नुपर्दछ ।

अहिलेको व्यवस्थाप्रति आम जनताको वितृष्णा छाएको छ । नागरिकको अवस्थामा बदलाव ल्याउन वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना आवश्यक छ । त्यस व्यवस्थाले मात्र नयाँ पुस्ताको अपेक्षा र आवश्यकतालाई बुझ्न सक्छ । पेसागत घटक संघहरूका आ-आफ्नै पीडा र व्यथाहरू छन् । यिनका तमाम् समस्याहरू राज्यसत्ताप्रति नै लक्षित छन् । राज्यसत्ताको स्वरूपले ती समस्याहरूको जवाफ दिन सक्ने स्थिति छैन । संसदीय चरित्र बोकेका नेपालका राजनीतिक पार्टीहरू सत्ता स्वार्थमा लिप्त नै छन् । तालमेल वा गठबन्धन नामको राजनीतिक 'सिन्डिकेट' बाट देश आक्रान्त छ । यो राज्यसत्ताबाट पेसागत घटक संघहरूको समस्या समाधान हुन्छ भनेर आशा गर्ने ठाउँ छैन । कोरा विचारले राज्यसत्ता चल्न सक्दैन । देश र जनताको अवस्था राम्रो र समृद्ध बनाउन श्रमजीवी वर्गको राज्यसत्ता वैज्ञानिक समाजवाद स्थापना गर्ने लक्ष्यतर्फ हामी सबै पेसागत घटक संघहरूमा आबद्ध श्रमिकहरू अगाडि बढ्नुको विकल्प छैन ।

# लेबनानमा मानवीय अवस्था बिग्रँदै गएको राष्ट्रसंघको चेतावनी

**काठमाडौं/एजेन्सी–** मानवीय मामिला समन्वयका लागि राष्ट्र संघीय कार्यालय (ओसिएचए) ले लेबनानको मनविय अवस्था बढ्दो वैमनस्यताको बीचमा बिग्रदै गएको जनाएको छ। यस क्षेत्रको स्वास्थ्य सेवाले निरन्तर आक्रमणको सामना गरिरहेको र कर्मचारी तथा स्रोत अभावले लेबनानको नाजुक स्वास्थ्य पूर्वाधारमा थप तनाव आइरहेको संयुक्त राष्ट्रका प्रवक्ता स्टेफन डुजारिकले बताएका छन्।

उनले दक्षिणी लेबनानको बिन्ट जेबिल जिल्लाको टेबिन सरकारी अस्पताल नजिकै इजरायली हवाई आक्रमणले अस्पतालमा क्षति पुऱ्याउँदा, दर्जनौं मानिस घाइते हुनुका साथै अस्पतालमा क्षति पुऱ्याएको जनाएका छन्।

सन् २०२३ अक्टोबर देखि लेबनानमा भएका स्वास्थ्य केन्द्र लक्षित ६० वटा आक्रमणमा ११० जना स्वास्थ्य सेवाकर्मीको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ।

उनले लेबनानमा संयुक्त राष्ट्रसंघका सैन्यलगायतका सुविधाहरु अझै पनि आक्रमणबाट प्रभावित रहेको पुष्टि गर्दै राष्ट्रसंघको शान्ति सेनाहरुको रक्षा गर्न सबै



पक्षहरुलाई आह्वान गरेका छन्।

सन् २०२३ अक्टोबरदेखि लेबनान इजरायली आक्रमणको सिकार भएको छ, तर सेप्टेम्बर २०२४ को अन्त्यदेखि इजरायलले आक्रमणको गति बढाउँदा हजारौं लेबनानीहरुले मृत्युवरण गरेको स्रोतले जनाएको छ।


## माङमालु चिया बगान लिमिटेड
**माङसेबुङ ६, चिसापानी पञ्चमी इलाम**

**२८ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे**

**प्रकाशित मितिः २०८१/०७/२१**

**महोदय,**
**श्री शेयरधनी महानुभावज्यूहरु**
मिति २०८१ साल कार्तिक १५ गते बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार आ.ब. २०७९/०८० को बार्सिक साधारण सभा देहायका मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्तिथिका लागि हार्दिक अनुरोध गर्दछौं।

**साधारण सभा हुने मिति, समय र स्थानः**
**मिति : २०८१/०८/१५ गते शनिबार**
**समय : बिहान १०:०० बजे**
**स्थान : माङ्सेबुङ ६ इलाम ।**

**छलफलका विषयहरुः**
(१) आ.ब.२०७९/२०८० माङमालुङ चिया बगान लि. को बार्षिक प्रतिवेदन।
(२) ले.प. प्रतिवेदन सहितको आ.ब. २०७९/२०८० को वासलात तथा नाफा नोक्सान विवरण।
(३) आ.ब.२०८०/२०८१ को लागि लेखापरीक्षक को नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण बारे।
(४) साधारण सभाको निर्णय पुस्तिकामा सहि गर्ने सञ्चालक तथा शेयरधनीको तर्फबाट १/१ जना प्रतिनिधि नियुक्त गर्ने बारे।
(५) व्यवस्थापकिय सुझाव समितिको प्रतिवेदन उपर छलफल (६) आगामी कार्य योजना।
(७) आ.ब.२०८१ २०८२ का लागि अनुमानित बजेट।
(८) विविध।
(९) सञ्चालक समिति निर्माणका लागि निर्वाचन।

**केदार लामिछाने**
**कार्यकारी निर्देशक**


# ‘उत्तर कोरियाली सैनिकहरु रुसमा युक्रेनी फौजको आक्रमणमा परे’

**काठमाडौं/एजेन्सी–** रुसलाई युक्रेनसँगको युद्धमा सहयोग गर्न हालै तैनाथ गरिएका उत्तर कोरियाली सैनिकहरु युक्रेनी आक्रमणमा परेको किएभका एक अधिकारीले मंगलबार बताएका छन्। कुनै युक्रेनी अधिकारीले प्योङयाङका एकाइहरुमाथि आक्रमण भएको बताएको यो पहिलो पटक हो। यो तैनाथीले युद्धको एक हजार दिनको माइलस्टोन नजिकिँदै गर्दा युद्धलाई नयाँ स्वरुप दिएको छ।

‘पहिलो उत्तर कोरियाली सैनिकहरुमाथि कुर्स्क क्षेत्रमा गोलाबारी गरिएको छ,’ युक्रेनको सुरक्षा परिषद्को दुष्प्रचार विरोधी शाखाका प्रमुख आन्द्री कोभालेन्कोले टेलिग्राममा लेखे। उनले थप विवरण



दिएनन्। उत्तर कोरियाली सैनिकहरुलाई रुसको कुर्स्क सीमा क्षेत्रमा पठाइने पश्चिमी सरकारहरुले अपेक्षा गरेका थिए। त्यहाँ युक्रेनी सेनाको तीन महिने घुसपैठ दोस्रो विश्वयुद्धपछि रुसी भूमिको पहिलो कब्जा हो र यसले क्रेमलिनलाई लज्जित बनाएको छ।

अमेरिकी, दक्षिण कोरियाली र युक्रेनी गुप्तचर मूल्यांकनका अनुसार मस्कोसँगको सम्झौताअन्तर्गत प्योङयाङले १२ हजारसम्म उत्तर कोरियाली लडाकू सैनिक युद्धमा पठाउँदैछ।

लडाइँको गुणस्तर र युद्ध अनुभव अज्ञात रहेका उत्तर कोरियाली सैनिकहरु युद्धक्षेत्रमा युक्रेनको बिग्रँदो स्थितिमा थप भइरहेका छन्। युक्रेनी सुरक्षा विशेषगरी पूर्वी डोनेट्स्क क्षेत्रमा रुसको महँगो तर निरन्तर महिनौँ लामो आक्रमणको दबाबमा भत्किँदै छ। रुसी अग्रगमन हालै तीव्र भएको छ। उसलाई डोनेट्स्कका केही भागहरुमा नौ किलोमिटरसम्मको युद्धक्षेत्र लाभ भएको बेलायती रक्षा मन्त्रालयले मंगलबार सामाजिक प्लेटफर्म एक्समा बताएको छ।

रुससँग उच्च सैन्य संख्या रहेको र भारी क्षति भए पनि क्रेमलिनको भर्ती अभियानले दबाब कायम राख्न पर्याप्त नयाँ सैनिकहरु प्रदान गरिरहेको मन्त्रालयले बताएको छ।

रुसले पछिल्लो एक वर्षदेखि युक्रेनमा युद्धक्षेत्रको पहल कायम राखेको छ। पश्चिमी सैन्य सहयोग देशमा आइपुग्न धेरै समय लागेको युक्रेनी अधिकारीहरुले लामो समयदेखि गुनासो गर्दै आएका छन्।

अक्टोबरको सुरुमा रुसी फौजले पूर्वी युक्रेनमा सामरिक रुपले महत्वपूर्ण पहाडमाथि रहेको भुह्लेदार शहरबाट युक्रेनी सैनिकहरुलाई लखेटेका थिए।


## टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**टीकापुर, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकशित मिति २०८१/०७/२१)**

यस कार्यालयको मिति २०८१/०६/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिधुतिय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याकंन समितिको मिति २०८१/०७/२० को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिको लागी पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क) सहित रु. |
|---|---|---|---|---|
| १. | TMO/NCB/16/WORKS/2081/082 | जमरा पुलदेखी बसपार्कसम्म सडकको दायाँबायाँ सौन्दर्यकरण, टीकापुर वडा न ०१ | श्री प्रेम निर्माण सेवा, नानिकोट, कालिकोट | ७०,४०,२४८.२७ |

**प्रमुख प्रशासकिय अधिकृत**



## देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०८१/०७/२०

प्रस्तुत विषयमा यस देवघाट गाउँपालिकाको कार्यालयबाट मिति २०८०/०५/२१ मा प्रकाशित सूचना बमोजिम यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि औषधी खरिद तथा सप्लाईको ई-बिडिङ मार्फत बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठे. नं. | बोलपत्रदाताको नाम र ठेगाना | योजनाको नाम | कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|
| ०२/२०८१/८२ | चिराग फार्मेसी प्रा. लि, रानीपौवा, पोखरा। | देवघाट गाउँपालिकामा औषधी खरिद तथा सप्लाई। | ९,४७,३९२।७८ |

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for Bids
**Province government**
**Ministry of Health**
**Health Directoriate**
## Madan Bhandari Hospital and Trauma Centre
**Mangalbare, Morang, Koshi Province**

**Invitation for Bids No: MBHTC/MORANG/GOODS/NCB-3/2081/2082**

**Date of publication: 2081-07-21**

1. Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang invites electronic bids from eligible bidders for the procurement of lab chemicals / reagents and x-ray film under National competitive bidding – Single Stage Single Envelope procedures. The bidder may submit the bid for single or more packages/lots as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done for each package/lot, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.]
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang, Tel No- 021-410053, email- mbhtc.np@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastria Banijya Bank** |
| **Name of Office** | : | **Madan Bhandari Hospital and Trauma Centre** |
| **Office Code no.** | : | **3700213011** |
| **Office Account no.** | : | **1000100201010001** |
| **Rajaswa (revenue) Shirshak no.** | : | **14229** |
| **Amount Rs.** | : | **5000.00** |

4. Pre-bid meeting shall be held at 2081-08-09
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on 2081-08-21 before 12 noon. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081-08-21 at 2:00 PM at the office of Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang.
7. Bids must be valid for a period of 90 days i.e. up to 2081-11-20 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 9,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2081-12-21.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts (packages/Lots) are as follows:

1. Package 1- Lab Chemicals & Reagents for P500 Diatron Biochemistry Anaylzer
2. Package 2- Lab Chemicals & Reagents for CLIA (Maglumi X3)
3. Package 3- Lab Chemicals & Reagents for Hematology Anaylzer Maccura H580
4. Package 4- X-ray Film for Drystar DT2B



## बोलपत्र आह्वान सम्बन्धी सूचना
CHAY-YA NEPAL

**सूचना प्रकाशित मिति : २०८१/०६/२४**
**पून : प्रकाशित मिति : २०८१/०७/२१**

हिमाल, पहाड र तराईका दुर्गम क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य तथा सीमान्तकृत र न्यून आय भएका मानिसहरुको जीविकोपार्जनमा दिगो सुधार गर्ने ध्ययेका साथ स्थापना भएको गैर नाफामूलक संस्था हो छाँ-या नेपाल। छाँ-या नेपालले हाल शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, वातावरण संरक्षण, महिला सशक्तिकरण मार्फत जिविकोपार्जन तथा मानवीय सहायताका क्षेत्रमा नेपालका सातवटै प्रदेशमा कार्य संचालन गरिरहेको छ।

हाल यस संस्थाले शिक्षा क्षेत्रमा विद्यालय पुनर्निमाण तथा पुनःस्थापना परियोजना अन्तर्गत तपसिलमा उल्लेख गरिए अनुसार निर्माण कार्य गर्न लागिरहेको छ।

**तपसिलः-**
१. धादिङ-ज्वालामुखी गाउँपालिका, वडा नं.-२ मैदी स्थित श्री ठूलोचौर माध्यमिक विद्यालयको ४ कोठे भवन - १

यसै सन्दर्भमा उक्त उल्लेखित जिल्लाको पालिकामा १ वटा विद्यालयको भवन निर्माणको लागी निर्माण सामग्रीहरु आवश्यक भएकोले उक्त विद्यालय भवन निर्माणका लागि आवश्यक निर्माण सामाग्रीहरु खरिद गर्न तथा उक्त विद्यालयसम्म आपूर्ती गर्नको लागि स्थानिय, योग्य र इच्छुक आपूर्तिकर्ता फर्म र व्यापारिक प्रतिष्ठानहरुबाट गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। स्थानिय योग्य र ईच्छुक आपूर्तिकर्ता फर्म र व्यापारिक प्रतिष्ठानहरुले आवश्यक सामग्रीहरुको सूची सहित प्रस्तावित निर्माण सामाग्रीहरुको दरभाउ शिलबन्दी गरी यस छाँ-या नेपाल संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु हुन यो बोलपत्र आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र **२७ कार्तिक २०८१** सम्ममा संस्थाले कार्यादेशमा उल्लेख भएको मिति समय र स्थानमा तोकीए अनुसार पेश गरी सक्नुपर्नेछ। म्याद पश्चात आएको कागजात सदर गरिने छैन। फर्म तथा आपूर्तिकर्ता छनोट गर्ने साथै प्रक्रिया नपुगेका कागजात रद्द गर्ने वा स्थगनगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ। छनौट गर्दा स्थानिय सप्लायर्सलाई पहिलो प्राथमिकता दिईनेछ।

कार्यादेश (**Terms of Reference**), बोलपत्र फारम तथा अन्य थप जानकारीको लागी छाँ-या, नेपालको ईमेलः- nepal@chay-ya.org मा वा अन्य जानकारीको लागी संस्थामा सम्पर्क गरि लिन सकिनेछ।

**काठमाडौं कार्यालय**
**छाँ-या, नेपाल**
**टोखा-९, काठमाडौं**
**सम्पर्क नं. : ०१-४९५४९४८**
**ईमेलः- nepal@chay-ya.org**

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द हुने

# पर्यटक आगमनमा प्रभाव पर्ने

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २० कात्तिक ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्तिक २३ गतेदेखि दैनिक १० घण्टा बन्द हुने भएको छ ।

विमानस्थलको धावनमार्ग निर्माणको लागि काम अगाडि बढाउने भएकाले करिब ५ महिना दैनिक १० घण्टा बन्द हुने भएको हो । धावनमार्ग बनाउनका लागि दैनिक १० घण्टाका दरले काम गर्न कात्तिक २३ देखि चैत १८ सम्मको समय छुट्टाइएको छ । यो पाँच महिना राती १० बजेदेखि बिहान ८ बजेसम्म उडान बन्द हुने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको हो ।

उडान बन्द हुने भएपछि प्रधिकरणले अन्तर्राष्ट्रिय र आन्तरिक उडान तालिका कटौती समेत गर्ने भएको छ । तर, धावनमार्ग समयमै सकिएपछि विमानस्थलमा अन्य थप सेवा सुविधाको साथ सञ्चालनमा आउने प्राधिकरणले जनाएको छ । धावन मार्गको निमार्णपछि २५ प्रतिशतले उडान संख्या बढ्ने अपेक्षा गरिएको छ । धावन मार्ग र ट्याक्सी वे बीच लिंक रोड निर्माण हुनेछ । बिमानस्थल सञ्चालन गरेर काम गर्नुपर्ने भएकोले ५ महिना समय लाग्ने भएको प्राधिकरणले जनाएको छ । विमानस्थल १० घण्टा बन्द हुदाँ ३० प्रतिशतसम्म उडान घट्ने देखिन्छ । उडान घट्दा पर्यटकको सिजनमा यस पटक पर्यटक आगमन घट्ने पर्यटन व्यवसायीको भनाइ छ । प्राधिकरणले पर्यटकीय सिजनको केही समय बाधा पर्ने भएपनि धावनमार्ग निर्माण सकिएपछि उडान थपिने जनाएको छ । अबको केही महिना आन्तरिक उडानमा समेत मुलुकका अधिकांश विमानस्थलमा हुस्सुले भिजिबिलिटी कम हुँदा उडान प्रभावित हुने गरेको भन्दै निर्माणको लागि उपयुक्त समय भएको प्राधिकरणले जनाएको छ ।

**एक महिनामा भित्रिए सवालाख पर्यटक**

पछिल्लो एक महिनामा नेपालमा सवालाख पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार अक्टोबर २०२४ मा १ लाख २४ हजार ३ सय ९३ पर्यटक नेपाल आएका छन् । गत वर्ष अक्टोबरमा १ लाख १७ हजार ३ सय ६ आएका थिए । यस्तै सन् २०२४ को अक्टोबरमा नेपाल भ्रमणमा आएका पर्यटक २०१९ को भन्दा कम देखिएको छ । सन् २०२४ को १० महिनामा नौ लाख ४० हजार सात सय ३२ विदेशी पर्यटक आएको नेपाल पर्यटन बोर्डले जनाएको छ २०१९ को अक्टोबरमा १ लाख ३४ हजार ९६ पर्यटक नेपाल भ्रमणमा आएका थिए ।

सन् २०२४ को अक्टोबरमा भारतबाट सबैभन्दा बढी १६ हजार ३ सय १३ पर्यटक नेपाल भ्रमण गरेका छन् । यसैगरी अमेरिकाबाट १६ हजार २३ जना, चीनबाट ७ हजार ७ सय ५०, अष्ट्रेलियाबाट ६ हजार ९ सय २९ र जर्मनीबाट ६ हजार १८ जना पर्यटक नेपाल भ्रमण गरेको पर्यटन बोर्डले जनाएको छ । यस्तै अबको ५ महिना त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल दैनिक १० घण्टा बन्द हुँदा भने पर्यटक आगमन घट्न सक्ने अनुमान गरिएको छ ।

## अध्यक्ष ढकाललाई इन्डोनेसिया सरकारको सम्मान



**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत चन्द्रप्रसाद ढकाल इन्डोनेसिया सरकारबाट सम्मानित भएका छन् । नेपाल र गणतन्त्र इन्डोनेसियाबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन अध्यक्ष ढकालले निर्वाह गर्नुभएको भूमिकाको कदर गर्दै इन्डोनेसिया सरकारले उनलाई विशिष्ट अवार्ड 'करका बुवाना अवार्ड' बाट सम्मानित गरेको हो ।

इन्डोनेसियाको परराष्ट मन्त्रालयद्वारा प्रदान गरिएको सो अवार्ड इन्डोनेसियासँगको सम्बन्धमा उल्लेख्य भूमिका निर्वाह गर्ने विदेशी विशिष्ट व्यक्तित्वलाई प्रदान गर्ने गरिएको मन्त्रालयले जनाएको छ । इन्डोनेसियाली परराष्ट्रमन्त्रीका तर्फबाट नेपालका लागि इन्डोनेसियाली राजदूत हेरु एच सुवोलोले ढकाललाई काठमाडौंमा मंगलबार आयोजित एक कार्यक्रममा उक्त सम्मान हस्तान्तरण गरेका हुन् ।

यो सम्मानले नेपाल र इन्डोनेसियाबिच पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान र दुई देशबीचको आर्थिक सम्बन्ध प्रवर्द्धन गर्न ढकालले गरेका प्रयासलाई उजागर गरेको छ । सो समारोहमा राजदूत सुवोलोले ढकालको प्रयासले दुई देशबिचको सम्बन्ध सुदृढ हुनुका साथै दुबै देशलाई आर्थिक, सांस्कृतिक र कूटनीतिक सहकार्य विस्तारमा फाइदा पुगेको बताए ।

ढकालले सम्मानका लागि इन्डोनेसियाली सरकारलाई आभार व्यक्त गर्दै यस पुरस्कारले आफूलाई नेपाल र इन्डोनेसियाबिच आपसी सहकार्य, विकास र समृद्धिको लागि काम गर्न थप प्रेरणा मिलेको बताए । नेपाल र इन्डोनेसियाबिच हालै द्विपक्षीय परामर्श संयन्त्र तथा दुई देशका सरकारी अधिकारीहरुलाई 'भिषा फ्री' सम्झौता भएकोमा दुवै देशका सरकारलाई धन्यवाद दिँदै ढकालले ती सम्झौताले दुई राष्ट्रबीचको कूटनीतिक सम्बन्धलाई सुदृढ गर्ने, दुई देशबीच हुने सरकारी भ्रमणलाई सहज बनाउनुका साथै आर्थिक तथा क्षेत्रीय सहयोगलाई आधार तयार गर्ने विश्वास व्यक्त गरे ।

यस अघि पनि सन् २०१५ को भूकम्पको समयमा उद्दार तथा राहत प्रयासमा गरेको योगदानको कदरस्वरुप इन्डोनेसिया सरकारले ढकाललाई सम्मान गरेको थियो । ढकाल सन् २०१० देखि नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत छन् ।

## उडान समय छोटिएपछि बुद्ध एयरले जारी गर्‍यो ६ बुँदे निर्देशिका

**काठमाडौं/मस –** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिका कारण उडान समय छोटिएपछि निजी क्षेत्रको हवाई सेवा कम्पनी बुद्ध एयरले उडान निर्देशिका जारी गरेको छ । यही कात्तिक २३ गते शुक्रबारदेखि करिब पाँच महिना अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिको काम हुँदैछ । सोही कारण राति १० बजेदेखि बिहान ८ बजेसम्म 'नोटिक टु एयर म्यान' (नोटाम) जारी भएको छ । स्तरोन्नतिपछि विमानको आवतजावत तथा ट्राफिकमा धेरै सुविधा हुने बुध्द एयरको विश्वास छ । केही महिनापछि सक्रिय हुने मनसुनले स्तरोन्नतिमा बाधा पुग्ने हुँदा अहिलेकै समय तालिका उचित रहेको पनि कम्पनीले जनाएको छ ।

बुद्ध एयरका प्रवक्ता दीपेन्द्रकुमार कर्णले छोट्याइएको उडान समय जाडो महिनाको रहेकाले उडान व्यवस्थापनमा सहज हुने विश्वास व्यक्त गरे । उनका अनुसार जाडो मौसममा अधिकांश विमानस्थलमा हुस्सु तथा कम 'भिजिविलिटी'का कारण नियमित सञ्चालन प्रभावित हुने गरेका छन् । विमानस्थल विस्तारपछि एयरलाइन्सको उडान व्यवस्थापनमा पनि सहजता हुने भएकाले अहिलेको निर्धारित मर्मतको समय सान्दर्भिक रहेको प्रवक्ता कर्णले बताए ।

इन्ट्रुमेन्ट फ्लाईट राडर 'आईएफआर' गन्तव्यमा रात्रि उडान भए पनि बेलुका १० बजेभित्र सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैगरी भिजुअल फ्लाइट रुल्स 'भीएफआर' गन्तव्यहरुमा भिजिविलिटीका आधारमा दिउँसै सम्पन्न गर्नुपर्ने हुन्छ । अन्यथा उडान रद्द हुने सम्भावना उत्तिकै रहन जान्छ । कम्पनीले जारी गरेको ६ बुँदे निर्देशिकामा समयमै उडान भर्न पर्याप्त विमानहरू रहे पनि कतिपय अवस्थामा प्रतिकूल मौसम तथा एयर ट्राफिकका कारण उडान प्रभावित हुने गरेको उल्लेख छ । उपयुक्त कारणहरुले टिकटमा तोकिएको समयभित्रै विमानस्थल 'चेक-इन' काउण्टरमा रिर्पोटिङका लागि पुग्न पनि कम्पनीले यात्रुलाई अनुरोध गरेको छ ।

## सात वर्षमा पूरा भयो चिलिमे–त्रिशूली प्रसारण लाइन

**रसुवा/मस –** छ वर्ष १० महिनामा चिलिमे- त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । निर्माण पूरा भएसँगै सो प्रसारण लाइनको परीक्षणको तयारी थालिएको छ । भौगोलिक कठिनाइ, विभिन्न विपद्का कारण तोकिएको समयमा निर्माण सम्पन्न हुन नसेकेको दुई सय २० केभी क्षमताको सो प्रसारण लाइनको काम यही कात्तिक १७ गते सम्पन्न भएको हो ।

प्रसारण लाइन निर्माण सम्पन्न भएसँगै रसुवामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका जलविद्युत आयोजनाको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सहज भएको छ ।

## अर्थ संक्षिप्त

### राजस्व संकलनमा मेहनत गर्न अर्थमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व संकलनमा थप मेहनत गर्न कर्मचारीहरुलाई निर्देशन दिएका छन् । अर्थ मन्त्रालयका सचिव र विभागीय प्रमुखहरुको बैठकमा अर्थमन्त्री पौडेलले औषत भन्दा माथि उठेर काम गर्न र मातहतका कर्मचारीहरुलाई काममा लगाउन निर्देशन दिएका हुन् ।

सामान्य अवस्थाको कामले नतिजा पनि सामान्य आउने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले गत सालको यही अवधिको तुलनामा १३ प्रतिशत राजस्व वृद्धिमा चित्त बुझाएर बस्ने अवस्था नरहेको बताए । संविधान र राष्ट्रको हितलाई ध्यान दिइ कानून अनुसार करदातासँग राजस्व संकलन संकलन गर्नुपर्ने धारणा व्यक्त गर्दै अर्थमन्त्री पौडेलले समस्याहरुलाई तत्काल सम्बोधन गर्न पनि निर्देशन दिए । राजस्व चुहावट नियन्त्रणका लागि सुरक्षाकर्मी लगायत अन्तर निकायहरुबीच समन्वय गरी काम गर्न पनि निर्देशन दिए ।

### कौशलटारमा बाल्ट्रा नेपालको आउटलेट



**काठमाडौं/मस –** घरेलु उपकरण ब्रान्ड बाल्ट्राले भक्तपुरको कौशलटार, मध्यपुर ठिमीमा नयाँ बाल्ट्रा रिटेल आउटलेटको खोलेको छ । नेपालीहरुको महाान पर्व दशैं-तिहारको अवसर पारेर कम्पनीले सो आउटलेट सञ्चालनमा ल्याएको हो । यो बाल्ट्राको तेस्रो रिटेल आउटलेट हो । अन्य दुई आउटलेटहरु काठमाडौंको टेकु र इन्द्रचोकमा रहेका छन ।

'हामी कौसल्टारमा हाम्रो उत्कृष्टता र गुणस्तरलाई दर्शाउने आकर्षक घरेलु इलेक्ट्रोनिक्स उपकरणहरु प्रस्तुत गरी ग्राहकवर्गसँग जोडिन पाउँदा गर्व गर्दछौं, यस स्टोरको माध्यमबाट हामी ग्राहकहरुसँग अझ नजिकको सम्बन्ध बनाउन चाहन्छौं, जहाँ उहाँहरुले आफ्ना आवश्यकता र रुची अनुसारका इलेक्ट्रोनिक्स सामग्री सहजै अनुभव गर्नसक्नु हुनेछ', बाल्ट्राले जनाएको छ ।

### दराजको ११.११ अभियानमा सिटिजन्स बैंकका ग्राहकलाई छुट

**काठमाडौं/मस–** सिटिजन्स बैंकका ग्राहकले दराज अनलाइनमा सामग्री खरिद गर्दा छुट पाउने भएका छन् । बैंक अनलाइन बजार दराज केयमुबीच छुट सम्बन्धी सम्झौता भएसँगै बैंकका ग्राहकहरुले ११.११ अभियानमा छुट पाउने भएका हुन् । सिटिजन्स बैंकमा खाता रहेका ग्राहकहरूले दराजद्वारा ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा डेबिट कार्डमार्फत अग्रिम भुक्तानीमा १५ प्रतिशत वा अधिकतम २ हजार रुपैयाँसम्मको छुट पाउनेछन् ।


## Shikhar Municipality
## Office of the Municipal Executive
**Talkot, Doti, Sudurpashchim Province, Nepal**

### Invitation for Online Bid

**(Notice No: 02/081/082)**
**Date of First Publication: 2081-07-21 (6th Nov, 2024)**

1. Shikhar Municipality, Doti, invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Average Annual Turnover (NRs.) | Credit Facilities (NRs.) | Estimated Cost (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01-081/082/NCB/ SMDOTI | Upgrading Work of Gopghat to Bayarkot Road at Shikhar Municipality-7 & 8 Doti | 90 days | - | - | 33,80,546.32 | 1,00,000.00 | 3,000.00 |
| 2 | 02-081/082/NCB/ SMDOTI | Lek Setigaun Ujeligaun Relgad Sadak Nirman Shikhar Municipality-4 & 6 Doti | 90 days | - | - | 1,17,26,435.29 | 3,50,000.00 | 3,000.00 |
| 3 | 03-081/082/NCB/ SMDOTI | Upgrading Works of Talkot-Dhurkot-Mudhbhara-Shikhar Road at Shikhar Municipality-4 & 6 Doti | 120 days | 3,72,00,500.00 | - | - | 8,20,000.00 | 5,000.00 |

2. Purchase, Submission and Opening:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |
| 05/12/2024 | 16:00 | 06/12/2024 | 12:00 | 06/12/2024 | 13:00 | |

3. Revenue Details:

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Shikhar Municipality Office. Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200001 | 06600106200001 |

4. Bid Security Details:

| Account Holder's | Name Bank Name and Address | Office Code | Account Number |
|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200002 |

5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality, Doti.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**